
# मल्लरानीको चिनारी

## (स्थानीय विषयको पाठ्यपुस्तक)




## कक्षा ८

# मल्लरानीको चिनारी

## (स्थानीय विषयको पाठ्यपुस्तक)

### कक्षा- ८

लेखन तथा सम्पादन

सचितानन्द घिमिरे

अशोक सुवेदी

प्रकाशक

मल्लरानी गाउँपालिका

प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

## पाठ्यक्रम निर्माण कार्यदल

संयोजक: दिनामणी पौडेल

सदस्य : ध्रुव गिरी

सदस्य : कल्पना खड्का

सदस्य : वसन्त लाल शाक्य

सदस्य-सचिव : ठाकुर प्रसाद आचार्य

## सूचना सङ्कलक

पितामबर पौडेल

चक्रपाणी पौडेल

गोविन्द प्रसाद पौडेल

जिवलाल पौडेल

कमला कार्की

प्रकाशक

मल्लरानी गाउँपालिका

प्युठान, लुम्बिनी प्रदेश, नेपाल

## विषयवस्तु सम्पादन

बद्री प्रसाद दाहाल

दिनेश कुमार थापा

## परामर्श सेवा

नेपाल करियर ट्रेनिङ फाउण्डेशन प्रा.लि. काठमाडौँ

## प्रतिलिपि अधिकार

प्रकाशन

## संस्करण

दोस्रो २०८१

## कम्प्युटर लेआउट

पवन खपाङ्गी मगर

# xfd[]egf0

सिप, संस्कार र प्रविधि सहितको शिक्षा आजको आवश्यकता हो । यस सन्दर्भमा मल्लरानी गाउँपालिका स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनले विद्यार्थीलाई विश्वव्यापी रूपले सोच्ने, समालोचनात्मक सिप र स्थानीय आवश्यकता अनुसार कार्य गर्न सक्ने बनाउनुका साथै स्थानीय ज्ञान, सिप र प्रविधिलाई स्थानीय परिवेशमा प्रयोग गर्न र स्थानीय मूल्य मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धन गर्न सक्ने क्षमताको विकास हुने अपेक्षा गरेका छौँ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५, पाठ्यघण्टा १६० र कक्षा ४–८ मा पाठ्यभार ४, कार्यघण्टा १२८ रहने गरी मातृभाषा र स्थानीय विषयवस्तु सिकाउन सकिने व्यवस्था गरेको छ । यहाँको स्थानीय आवश्यकतालाई आत्मसात गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम विकास तथा मार्गदर्शन २०७६ का आधारमा तयार गरिएको मल्लरानी गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसार आधारभूत तह कक्षा १–८ को स्थानीय पाठ्यपुस्तक (**मल्लरानीको चिनारी**) तयार गरिएको हो ।

मल्लरानी गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक (**मल्लरानीको चिनारी**) कक्षा १–८ तयार गर्न सल्लाह सुझाव र सहयोग गर्नुहुने मल्लरानी गाउँपालिकाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँ शिक्षा समितिका सदस्यज्यूहरू, पाठ्यक्रम निर्माण कार्यदलका सदस्यज्यूहरू, प्रधानाध्यापकज्यूहरू, सूचना व्यवस्थापकज्यूहरू, लेखक, सम्पादक, डिजाइनर लगायत पाठ्यपुस्तक निर्माणमा खटिनुहुने सम्पूर्णमा धन्यवाद दिन चाहन्छौँ । आगामी दिनहरूमा स्थानीय पाठ्यपुस्तकको प्रभावकारी कार्यान्यवन गर्न सम्बन्धित पक्षले महत्त्वपूर्ण भूमिका खेल्नु हुनेछ यो स्थानीय पाठ्यपुस्तक मल्लरानी गाउँपालिकाका सबै विद्यालयहरूमा पूर्णरूपमा कार्यान्वयन हुनेछ भन्ने आसा राख्दै मल्लरानी गाउँपालिकाको समग्र शैक्षिक प्रगतिको कामना गर्दछौँ ।


गिर बहादुर सेजुवाल
**प्रमुख प्राशासकीय अधिकृत**
**मल्लरानी गाँउपालिका, प्यूठान**

रमेश कुमार श्रेष्ठ
**उपाध्यक्ष**
**मल्लरानी गाँउपालिका, प्यूठान**

कृष्ण बहादुर खड्का
**अध्यक्ष**
**मल्लरानी गाँउपालिका, प्यूठान**

# ljifo ;'rL


**एकाइ – १ मल्लरानीको परिचय** १–१८

पाठ–१ गाउँपालिका परिचय २

पाठ–२ हाम्रो सूचना तथा तथ्याङ्क ८

पाठ–३ गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू १४

**एकाइ – २ हाम्रो वातावरण** १९–३९

पाठ–१ वन व्यवस्थापन र दिगो विकास २०

पाठ–२ हरियाली प्रवर्धन २६

पाठ–३ फोहोरबाट मोहोर ३३

**एकाइ – ३ हाम्रा सम्पदाहरू** ४०–५२

पाठ–१ स्थानीय गीत तथा नृत्यहरू ४१

पाठ–२ ऐतिहासिक तथा धार्मिक सम्पदाहरू ४७

**एकाइ – ४ हाम्रो पेसा, व्यवसाय र प्रविधि** ५३–६५

पाठ–१ कृषि उत्पादन र बेचबिखन ५४

पाठ–२ हाम्रा उद्योग तथा प्रविधिहरू ६०

**एकाइ – ५ मल्लरानीमा योगदान दिने व्यक्ति तथा संस्थाहरू** ६६–८२

पाठ–१ मल्लरानीको शैक्षिक अवस्था ६७

पाठ–२ सामाजिक विकासका आधारहरू ७३

पाठ–३ मल्लरानीको स्वास्थ्य सेवा ७८

**एकाइ – ६ विपत् व्यवस्थापन तथा सुरक्षित विद्यालय** ८३–९४

पाठ–१ प्राकृतिक तथा मानवीय विपत् ८४

पाठ–२ सुरक्षित विद्यालय ९०

# एकाइ १


# मल्लरानीको परिचय

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :


मुरु खोला


सिद्ध गुफा


खलङ्गा बजार


झाँक्री स्थान


२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) तपाईँ बसोबास गर्ने वडामा कुन कुन प्राकृतिक स्रोतहरू छन् ? ती प्राकृतिक स्रोतहरूलाई कसरी उपयोग गरिन्छन् ?

(ख) गाउँपालिकाबाट प्राप्त हुने मुख्य मुख्य सेवाहरू के के हुन् ? गाउँपालिकाबाट प्रदान गरिने सेवालाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?

पाठ १


# गाउँपालिका परिचय


चुँजा खोला

मल्लरानी गाउँपालिका लुम्बिनी प्रदेशअन्तर्गत प्यूठान जिल्लाको मध्य पहाडी भागमा अवस्थित छ । मल्लरानी गाउँपालिकाको अधिकांश भूभाग भिरालो किसिमको छ भने खोला किनारको क्षेत्रमा केही समथर भूभाग पनि रहेको छ । खोला, फाँट, खानी, वनजङ्गल आदि यहाँका महत्त्वपूर्ण प्राकृतिक स्रोतहरू हुन् । प्रकृति स्वयम्बाट निर्मित वस्तुलाई प्राकृतिक स्रोत भनिन्छ । चुँजा खोला, कान्द्रे खोला, छापे खोला, चुँदरी खोला जस्ता खोलानालाले मल्लरानीको सुन्दरता बढाएका छन् । यी खोलानालाबाट टारी खेत, खोला किनार र फाँटहरूमा सिँचाइ गरिएको छ । लुक्का मुहान, बोक्से पानी मुहान, रोटेखोला मुहान, बाहुनपानी मुहान, जुकेखोला मुहान, मूलागैरा, तीनधारा मुहान, भुल्के मुहान, उकालापानी मुहान आदि पानीका स्रोतहरूबाट गाउँपालिकाका टोलबस्तीमा खानेपानी उपलब्ध भएको छ । मल्लरानी गाउँपालिकामा भएका जलस्रोत संरक्षणका लागि वृक्षरोपण गर्ने, वनजङ्गलको सुरक्षा गर्ने जस्ता महत्त्वपूर्ण प्रयासहरू भएका छन् । खोलानालाले जमिन कटान नगरोस् भनेर चुँजा खोलाको बान्नादेखि चुँजाढाटीसम्म खेत कटान भएका र हावेखोलाको सालटाँटीदेखि चुँजाठाटीसम्मका स्थानमा तटबन्द बनाइएको छ ।

गाउँपालिकाकाले यहाँका खोलानालामा जथाभावी फोहोर गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गरेको छ । त्यसैगरी बिजुली तथा ब्याट्री प्रयोग गरी माछा मार्ने कार्यलाई पनि गाउँपालिकाले कडाइका साथ नियन्त्रण गर्ने गरेको छ ।

मल्लरानी गाउँपालिकामा प्रशस्त (२६३६ हेक्टर) वनजङ्गल रहेको छ । यहाँका वनमा नेपालको मध्य पहाडी क्षेत्रमा पाइने बोटबिरुवा र जडीबुटी पाइन्छ । यहाँका बेसी क्षेत्रका वनमा विशेष गरी साल, सिसौ, सिमल, सल्लो आदि जातका औषधीजन्य वनस्पति पनि पर्याप्त मात्रामा पाइन्छन् । मल्लरानी गाउँपालिकाकाले उच्च क्षेत्रमा रहेका वनमा उत्तिस, बाँझ, चाँप, खस्रु, गुँरास, कटुस, चिलाउने जस्ता रुखबिरुवा पाइन्छ । यहाँका वनमा पाखनबेत, हर्रो, बर्रो, अमला, रुदिलो, वनमारा जस्ता अति उपयोगी औषधीजन्य वनस्पति पाइन्छन् । काफल, बयर, चुत्रो, ऐँसेलु, दालचिनी, टिमुर, घँघेरी विभिन्न जातका तरुल र गिट्ठा पनि यहाँका वनजङ्गलमा पर्याप्त मात्रामा पाइन्छ ।



मल्लरानीको वन

मल्लरानीका बासिन्दाले वन पैदावरबाट काठ, जडीबुटी तथा पशुपालनका लागि घाँस, सोत्तर आदि प्राप्त गर्ने गर्छन् । यहाँ सल्लाको रुखबाट खोटो सङ्कलन गरिँदै आएको छ । जथाभावी रुखबिरुवा नकाट्ने, अवैध रूपमा काठ तथा जडीबुटी तस्करी नगर्ने तथा वनजङ्गललाई साझा सम्पत्ति मान्ने कारणले मल्लरानी गाउँपालिका वनजङ्गल

संरक्षणका लागि नमुना गाउँपालिका बनेको छ । यसरी वनजङ्गलका जङ्गली जनावरको समेत संरक्षणमा टेवा पुगेको छ । वातावरण संवर्धनमा पनि मदत पुगेको छ ।

खोलानाला, वनजङ्गल, डाँडाकाँडा, लेकबेँसी, खानी फाँट, खेतबारी आदि प्राकृतिक स्रोतहरू हुन् । हामी प्राकृतिक स्रोतबिना बाँच्न सक्दैनौँ । प्राकृतिक स्रोतलाई संरक्षण गरिएन भने मानिसको जीवन सङ्कटमा पर्छ । प्रकृति दोहनबाट वातावरणीय समस्या उत्पन्न हुन्छ ।

त्यसैले प्राकृतिक स्रोतको सुरक्षा र संरक्षणका कार्यमा हातेमालो गर्नुपर्छ । गाउँपालिकाका प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्नुपर्छ । भावी पुस्तालाई सुन्दर प्राकृतिक स्रोत हस्तान्तरण गर्नुपर्छ ।

## अभ्यास

### १ ठिक उत्तरमा चिनो लगाउनुहोस् :

(क) मल्लरानी गाउँपालिकामा कुनचाहिँ खोला छैन ?

(अ) चुदरी खोला (आ) टुङ्गुन खोला
(इ) कान्द्रे खोला (ई) छापे खोला

(ख) खोलानालामा के गर्न निषेध गरिएको छ ?

(अ) माछा मार्न (आ) पौडी खेल्न
(इ) माछा पाल्न (ई) ब्याट्रीबाट माछा मार्न

(ग) हर्रो, बर्रो र अमला कस्ता वनस्पति हुन् ?

(अ) काठजन्य (आ) फलफूलजन्य
(इ) औषधीजन्य (ई) कन्दमुलजन्य

(घ) स्वास्थ्य उपचारका लागि चाहिने जडीबुटी कहाँबाट उपलब्ध हुन्छ ?

(अ) वनजङ्गलबाट (आ) खोलानालाबाट
(इ) खानीबाट (ई) खेतबारीबाट

## २ खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) मल्लरानी गाउँपालिका वडाको ............................ खोलाहरूबाट सिँचाइ गरिएको छ ।

(ख) मल्लरानी गाउँपालिका वडाको .......................... वनमा साल, सिसौ र खयरका रुख पाइन्छ ।

(ग) काफल, चुत्रो, ऐँसेलु आदि .......................... फलफूल हुन् ।

(घ) पशुपालनका लागि घाँस, सोतर आदि .................... बाट प्राप्त हुन्छ ।

(ङ) प्रकृति दोहनबाट ............................ समस्या उत्पन्न हुन्छ ।

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाका प्रमुख प्राकृतिक स्रोतहरू के के हुन् ?

(ख) खोलानालामा के गर्न निषेध गरिएको छ ?

(ग) मल्लरानीको उच्च क्षेत्रमा कुन कुन जातका रुखबिरुवा पाइन्छन् ?

(घ) केको रुखबाट खोटो सङ्कलन गरिँदै आएको छ ?

(ङ) मानिसको जीवन किन सङ्कटमा पर्छ ?

## ४ दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कस्ता वस्तुलाई प्राकृतिक स्रोत भनिन्छ ?

(ख) मल्लरानी गाउँपालिकामा जलस्रोत संरक्षणका लागि के के प्रयास भएका छन् ?

(ग) मल्लरानी गाउँपालिकाको उच्च क्षेत्रमा कुन कुन औषधीजन्य वनस्पति पाइन्छन् ?

(घ) मल्लरानी गाउँपालिका वनजङ्गल संरक्षणमा किन नमुना बनेको छ ?

(ङ) हामीले कुन कार्यमा हातेमालो गर्नुपर्छ ?

**५** तपाईँ बसोबास गर्ने वडामा भएका प्राकृतिक स्रोतको नाम लेखी उक्त प्राकृतिक स्रोतलाई कसरी उपयोग गरिएको छ ? तालिकामा लेख्नुहोस् :

मल्लरानी गाउँपालिका

वडा नं. ...................

| वनजङ्गलको नाम | उपयोगिता | खोलाको नाम | उपयोगिता |
|---|---|---|---|
| | | | |

**६** मल्लरानी गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक स्थलका नाम लेखी त्यहाँ मेला/जात्रा लाग्ने विशेष समय लेख्नुहोस् :

| क्र.सं. | वडा नं. | धार्मिक स्थलको नाम | मेला/जात्रा लाग्ने समय |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**७** मल्लरानी गाउँपालिकाका प्रमुख प्राकृतिक स्थलहरूको सूची बनाई कक्षा प्रस्तुतीकरण गर्नुहोस् ।

८ मल्लरानी गाउँपालिकामा अवस्थित कुनै वनजङ्गलमा भ्रमण गर्नुहोस् र त्यहाँको अवस्थिति, हावापानी, मुख्य बोटबिरुवा, जङ्गली जनावर, चराचुरुङ्गी, पर्यटकीय सम्भावना आदि पक्षलाई समेटी एउटा लेख तयार पार्नुहोस् ।

९ मल्लरानी गाउँपालिकामा अविस्थित कुनै मठमन्दिरको भ्रमण गरी उक्त मन्दिरको विशेषतालाई बुँदा टिपोट गरी कक्षा प्रस्तुतीकरण गर्नुहोस् :

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१० साथीहरू मिली चार्ट पेपरमा मल्लरानी गाउँपालिकाको नक्सा बनाउनुहोस् । उक्त नक्सामा गाउँपालिकामा रहेका प्रमुख खोलानाला, वनजङ्गल र धार्मिक स्थलसमेत उल्लेख गरी कक्षामा टाँस्नुहोस् ।

पाठ २

# हाम्रो सूचना तथा तथ्याङ्क

हाम्रो गाउँपालिकाको नाम मल्लरानी हो । हाम्रो गाउँपालिका लुम्बिनी प्रदेशको प्यूठान जिल्लामा अवस्थित छ। मल्लरानी गाउँपालिकाको पूर्वमा अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका र मालारानी गाउँपालिका पर्छ। पश्चिममा प्यूठान नगरपालिकाका वडा नं. ४, ७ र १० का थापाडाडा, विजुवार र मरन्ठानासँग जोडिएको छ। त्यसैगरी उत्तरतिर झिमरुक गाउँपालिकाको तोरवाङ, बाङ्गेमरोट पर्छ भने दक्षिणतिर प्यूठान नगरपालिकाको वडा नं. १ खैरा, ऐरावतीको वडा नं. ५, ६, र माण्डवी गा.पा.ले छोएको छ। मल्लरानी गाउँपालिकाको क्षेत्रफल ८०.०९ वर्ग किलोमिटर रहेको छ। हाम्रो गाउँपालिकाको वडा नं. १ र २, साबिकको चुँजा गा.वि.स., वडा नं. ३ साबिकको धरमपानी गा.वि.स., र रस्पुरकोट गा.वि.स.को वडा नं. ६,९, वडा नं. ४ साबिकको प्यूठान न.पा. वडा नं. १, २, ३, ५, र वडा नं. ५ साबिकको प्यूठान न.पा. १८ मिलि बनेको छ। यो गाउँपालिका समुद्री सतहबाट करिब ४९२ मिटरदेखि १८८२ मिटरको उचाइँमा अवस्थित छ। हाम्रो गाउँपालिको सबैभन्दा अग्लो स्थान माझपानी हो भने होचो स्थान धुँदीबेँसी हो। माझपानी वडा नं. १ र धुँदीबेँसी वडा नं. ५ मा पर्छन्।


माझपानी



धुँदीबेँसी

मल्लरानी गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, नेवार, गुरुङ, परियार, विश्वकर्मा गन्दर्व आदि जातजातिका मानिसहरूको बसोबास छ। वि.सं. २०७८ को जनगणनाअनुसार यहाँ १५,६४६ जनसङ्ख्या रहेको छ। त्यसमध्ये ६,८४३ पुरुष र ८,८०३ महिलाको जनसङ्ख्या


रहेको छ । यहाँको प्रमुख पेसा व्यवसाय कृषि हो । हाम्रो गाउँपालिका ५ ओटा वडाहरू मिलेर बनेको छ । वडा नं. १ को वडा कार्यालय अरवाङमा छ । वडा नं. २ को कुडरा र वडा नं. ३ को निसानटाकुरामा वडा कार्यालय रहेको छ । त्यसैगरी खलङ्गा पाट्रीचोकमा वडा नं. ४ र वेलडाँडा खैरामा वडा नं. ५ को वडा कार्यालय रहेको छ । गाउँपालिकाको कार्यालयचाहिँ वडा नं. ४ को खलङ्गामा रहेको छ ।




हाम्रो गाउँपालिकामा जिल्ला प्रशासन, वन, मालपोत, अदालत, दूरसञ्चार, कारागार, निर्वाचन, सेना गण, शिक्षा समन्नय, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, हुलाक कार्यालय तथा प्रहरी चौकी जस्ता सङ्घसंस्थाहरू रहेका छन् । पालिकामा प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ३, आधारभूत स्वास्थ्य केन्द्र १, सामुदायिक स्वास्थ्य इकाई १, सहरी स्वास्थ्य इकाई १ रहेका छन् । पालिकामा २३ ओटा सामुदायिक र १ ओटा संस्थागत गरी २४ ओटा विद्यालय रहेका छन् । जसमध्ये मा.वि. (१–१२) २, मा.वि. (१–१०) ५, आ.वि. (१–८) ४ र आ.वि. (१–५) ९, आ.वि. (१–३) ४ रहेका छन् । खलङ्गामा हुलाक कार्यालय र चुँजाठाटीमा प्रहरी चौकी रहेका छन् । मल्लरानी गाउँपालिकाको कार्य सञ्चालनका लागि गाउँ कार्यपालिका गठन गरिएको छ । गाउँ कार्यपालिकाको गठन प्रक्रिया निम्नअनुसार हुने गर्छ :



**मल्लरानी गाउँपालिकाको गाउँ सभाको गठन प्रक्रिया निम्नअनुसार हुने गर्छ :**




गाउँपालिकामा भएका विवाद निरूपण गर्नका लागि मल्लरानी गाउँपालिकामा न्यायिक समिति गठन गरिएको छ । उक्त न्यायिक समितिको संयोजकमा गाउँपालिकामा उपाध्यक्ष रहने व्यवस्था छ । यो समितिमा तीनजना सदस्य रहन्छन् । न्यायिक समितिका अधिकारहरू निम्नअनुसार छन् :

१. सानातिना झैझगडा मिलापत्र गराउने,
२. द्वन्द्व व्यवस्थापनमा भूमिका निर्वाह गर्ने,
३. मेलमिलाप हुन नसकेका समस्याहरूलाई न्यायिक निकायमा वस्तुगत अवस्थासहित सिफारिस गर्ने ।

# अभ्यास

## १ खाली ठाउँ भर्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको क्षेत्रफल : ..................................................

(ख) मल्लरानी गाउँपालिकाको पूर्वी सिमाना : ............................................

(ग) मल्लरानी गाउँपालिकामा रहेका विद्यालय सङ्ख्या : ..............................

(घ) मल्लरानी गाउँपालिका कार्यालय रहेको स्थान : ....................................

(ङ) गाउँपालिकाको न्यायिक समितिको मुख्य काम : ...................................

## २ ठिक बेठिक छुट्याउनुहोस् :

क) मल्लरानी गाउँपालिका लुम्बिनी प्रदेशमा अवस्थित छ । ☐

(ख) मल्लरानी गाउँपालिकामा ७ ओटा वडा छन् । ☐

(ग) गाउँ कार्यपालिकामा चारजना महिला सदस्य रहन्छन् । ☐

(घ) गाउँ सभामा गाउँपालिका अध्यक्ष रहने व्यवस्था छैन । ☐

(ङ) न्यायिक समितिमा तीनजना सदस्य रहन्छन् । ☐

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिका दक्षिणतिर कुन कुन ठाउँसँग जोडिएको छ ?

(ख) मल्लरानी गाउँपालिकाको सबैभन्दा उच्च ठाउँको नाम के हो ?

(ग) मल्लरानी गाउँपालिकाका कति प्रतिशत जनता कृषिमा आबद्ध छन् ?

(घ) मल्लरानी गाउँपालिकाको कुन ठाउँमा प्रहरी चौकी रहेको छ ?

(ङ) तपाईंको वडा कार्यालय कहाँ रहेको छ ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हाम्रो गाउँपालिका साबिकका कतिओटा गाउँ विकास समिति मिलेर बनेको हो ?


(ख) मल्लरानी गाउँपालिकाको सबैभन्दा बढी भूभाग कुन पालिकासँग जोडिएको छ ?

(ग) मल्लरानी गाउँपालिका समुद्र सतहबाट कति उचाइमा अवस्थित छ ?

(घ) गाउँ कार्यपालिका किन गठन गरिन्छ ?

(ङ) न्यायिक समितिको संयोजकमा को रहने व्यवस्था छ ?

## ५ मल्लरानी गाउँपालिकाको नक्सा हेरी उत्तर लेख्नुहोस् :




**प्रश्नहरू :**

(क) मल्लरानी गाउँपालिकामा कतिओटा वडाहरू छन् ?

(ख) तपाईं मल्लरानी गाउँपालिकाको कुन वडामा बस्नुहुन्छ ?

(ग) मल्लरानी गाउँपालिकाको सबैभन्दा ठुलो वडा कुन हो ?

(घ) तपाईं बसोबास गर्ने वडासँग जोडिएको वडाहरू कुन कुन हुन् ?

६ **मल्लरानी गाउँपालिकाको परिचय लेख्नुहोस् :**

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

७ **मल्लरानी गाउँपालिकासँग सम्बन्धित तथ्याङ्कहरूका आधारमा निम्नानुसारको बार ग्राफ तयार पार्नुहोस् :**

(क) जनसङ्ख्या (महिला र पुरुष)

८ **मल्लरानी गाउँपालिकाको प्रत्येक वडामा रहेका विद्यालयहरूको सूची बनाई कक्षा प्रस्तुति गर्नुहोस् ।**

९ **मल्लरानी गाउँपालिकाको स्वास्थ्य संस्थाहरू रहेका स्थानको नाम टिपोट गर्नुहोस् ।**

१० **मल्लरानी गाउँपालिकाको न्यायिक समितिसँग भेटघाट गरी न्यायिक समितिका अधिकारका बारेमा छलफल गर्नुहोस् ।**

पाठ ३

# गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू





गाउँपालिकाले जनतालाई विभिन्न सेवाहरू प्रवाह गर्छ। गाउँपालिकाबाट प्रदान गरिने अधिकांश सेवाहरू वडा कार्यालयबाट उपलब्ध हुन्छन्। जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइँ सराइ, घटना दर्ता, सम्बन्ध विच्छेद, नागरिकको सिफारिस, जग्गा खरिद बिक्रीसम्बन्धी सिफारिस आदि गाउँपालिकाअन्तर्गत वडा कार्यालयबाट उपलब्ध हुने सेवा हुन् । त्यसैगरी शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विद्युत् तथा सूचना सञ्चारअन्तर्गतका योजनाको छनोट तथा कार्यान्वयनका लागि गाउँपालिकाबाट बजेट प्रदान गरिन्छ । बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता प्रकोपजन्य घटनाका लागि गाउँपालिकाबाट आर्थिक तथा भौतिक सहयोग प्रदान गरिन्छ । समुदायमा भएका झैझगडा, लेनदेन, बिहेबारी, सम्बन्ध विच्छेद जस्ता समस्याहरूको छलफल र समस्या समाधानका लागि गाउँपालिकामा गठित न्यायिक समितिमार्फत् सेवा प्रवाह गरिन्छ। गाउँपालिकाले वडाबाट सिफारिस भई आएका योजनाहरूको सम्झौता, अनुगमन र बजेट निकासा गर्ने काम गर्छ ।

गाउँपालिकाले विशेष गरी सेवा तथा विकास निर्माणसम्बन्धी काम गर्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, बसाईँसराइसम्बन्धी कामहरू सेवासँग सम्बन्धित हुन्छन् । सडक, विद्युत्, खानेपानी, सूचना प्रविधिअन्तर्गतका कामहरू विकास निर्माणसम्बन्धी हुन्छन् ।

गाउँपालिकामा बसोबास गर्ने जनताले अनिवार्य रूपमा व्यक्तिगत घटनता दर्ता गर्नुपर्छ । व्यक्तिगत घटना भन्नाले व्यक्तिसँग सम्बन्धित जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद आदिलाई बुझ्नुपर्छ । जनताले आफ्नो गाउँटोलमा हुने विकास निर्माणमा चासो राखी सक्रियता जनाउनुपर्छ । वडा कार्यालयमार्फत् गाउँपालिकामा योजना प्रस्ताव गर्नुपर्छ । गाउँपालिका तथा वडामा गठन हुने उपाभोक्ता समितिमा रहेर वा उपभोक्ता समितिलाई सहयोग गरेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

गाउँपालिकाले आफ्नो जिम्मेवारी वहन गर्न विभिन्न कानुन जारी गरेको हुन्छ । गाउँपालिकाबाट जारी गरिने कानुनहरू शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत, विपत् व्यवस्थापन, उद्योग व्यवसाय आदिसँग सम्बन्धित हुन्छ । गाउँपालिकाबाट तयार पारिने यस्ता कानुनलाई स्थानीय कानुन भनिन्छ । स्थानीय कानुनले स्थानीय सरकार सञ्चालनलाई प्रभावकारी बनाउँछ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) वडा कार्यालयमा जन्म दर्ता गर्नुपर्छ । ☐

(ख) गाउँ पालिकाले योजना कार्यान्वयनका लागि बजेट प्रदान गर्छ । ☐

(ग) वडा कार्यालयबाट सेवासम्बन्धी काम मात्र हुन्छ । ☐

(घ) गाउँपालिकामा न्यायिक समिति गठन गरिन्छ । ☐

(ङ) गाउँपालिकाबाट तयार पारिने कानुनलाई विशेष कानुन भनिन्छ । ☐

## २ तालिकामा लेख्नुहोस् :

जन्म दर्ता, सडक निर्माण, खानेपानी वितरण, मृत्यु दर्ता, बसाइँ सराइ, विद्यालय भवन निर्माण, लेनदेनको विवाद, विद्युत् उत्पादन, स्वास्थ्य चौकी भवन मर्मत

| व्यक्तिगत घटना | विकास निर्माण |
|---|---|
| | |

## ३ गाउँपालिका कार्यालय र वडा कार्यालयबाट प्रवाह गरिने सेवा पहिचान गरी लेख्नुहोस् :

(क) मृत्यु दर्ता : ..........................................................................

(ख) नागरिकताको सिफारिस : ............................................................

(ग) इन्टरनेट वितरणमा सहजीकरण : ...................................................

(घ) बाढी पीडितलाई आर्थिक सहयोग : ...............................................

(ङ) योजना कार्यान्वयनका लागि अनुगमन : ..........................................

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जग्गा खरिद बिक्रीका लागि कहाँबाट सिफारिस लिनुपर्छ ?

(ख) गाउँपालिकाले मुख्यत: कस्ता कस्ता काम गर्दछ ?

(ग) व्यक्तिगत घटना भन्नाले के बुझिन्छ ?

(घ) गाउँपालिकाले किन कानुन जारी गरेको हुन्छ ?

(ङ) गाउँपालिकामा न्यायिक समितिले के सम्बन्धी सेवा प्रदान गर्छ ?

## ५ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) वडा कार्यालयबाट प्राप्त हुने कुनै तीनओटा सेवा लेख्नुहोस् ।


(ख) गाउँपालिकाबाट कस्ता कामका लागि बजेट प्रदान गरिन्छ ?

(ग) वडाबाट सिफारिस भई आएका योजनाहरूको सम्झौता गर्ने निकाय कुन हो ?

(घ) गाउँपालिकामा बसोबास गर्ने जनताले व्यक्तिगत घटना कहाँ दर्ता गर्नुपर्छ ?

(ङ) स्थानीय कानुनले स्थानीय सरकारलाई कसरी प्रभावकारी बनाउँछ ?

## ६ खाली ठाउँ भरी कक्षा प्रस्तुति गर्नुहोस् :



७ मल्लरानी गाउँपालिका अध्यक्ष र उपाध्यक्षसँग भेटघाट गरी पालिकाको विकास निर्माणमा उहाँहरूले गर्नुभएको भूमिकाका सन्दर्भमा कुराकानी गर्नुहोस् । उक्त कुराकानीका आधारमा मुख्य मुख्य विषयवस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

८ मल्लरानी गाउँपालिकाले जारी गरेका कानुनहरूको सूची चार्टपेपरमा तयार पारेर कक्षामा टाँस्नुहोस् ।

९ सार्वजनिक सेवाअन्तर्गत कस्ता कस्ता सेवाहरू पर्छन् ? आफ्ना वडा अध्यक्षसँग छलफल गरी चार्टपेपरमा लेख्नुहोस् ।

एकाइ ३

# हाम्रो वातावरण

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



समुदायद्वारा वृक्षरोपण



श्री अमर माध्यमिक विद्यालय



मल्लरानी पैदलयात्रा




फोहोर मैला व्यवस्थापन

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :


(क) वन्यजन्तुको संरक्षणलाई कसरी प्रभावकारी बनाउन सकिएला ?

(ख) फोहोर मैला व्यवस्थापन गर्नुपर्ने कारणहरू के के हुन् ? टिपोट गर्नुहोस् ।

पाठ १

# वन व्यवस्थापन र दिगो विकास

मल्लरानी गाउँपालिकामा प्रशस्त मात्रामा सामुदायिक तथा निजी वन रहेका छन् । ज्यामुरे, तिल्केनी, आँटीगैरा, मल्लरानी आदि यहाँका सामुदायिक वनहरू हुन् । वनजङ्गल संरक्षण गर्नु हामी सबैको दायित्व हो । वनजङ्गल व्यवस्थापनका लागि विद्यार्थी विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकार सबैको आआफ्नो भूमिका हुन्छ । यस सम्बन्धमा विद्यालयले विद्यार्थीहरूलाई तालिम दिने, जनचेतना फैलाउने काम गर्न सक्छन् । वन व्यवस्थापनका लागि विद्यालयले विद्यार्थीमार्फत् समुदायलाई सक्रिय बनाउन सक्छन् । स्थानीय समुदाय नै वनजङ्गलका उपभोगकर्ता हुन् । वन व्यवस्थापनका लागि उपभोगकर्ताको भूमिका महत्त्वपूर्ण हुन्छ । तसर्थ उपभोगकर्ताले वनजङ्गलको उपभोग गर्दा अत्यन्त आवश्यक भएमा मात्र उपभोग गर्नुपर्छ । घर बनाउनुपर्दा काठका लागि छिप्पिएका रुख काट्नुपर्छ । रुख काटिएका स्थानमा नयाँ बिरुवा रोप्नुपर्छ । नाङ्गा डाँडापाखामा वृक्षरोपण गर्नुपर्छ । गाईवस्तुलाई वनमा छाडा छाड्नुहुँदैन । जथाभावी जङ्गल फडानी गर्ने, आगो लगाउने जस्ता कार्य गैरकानुनी काम हो । यस्ता काम गर्ने व्यक्तिलाई कानुनी रूपमा दण्ड जरिवाना गर्नुपर्छ ।



मल्लरानी सामुदायिक वन

गाउँपालिका हाम्रो स्थानीय सरकार हो । वन व्यवस्थापनमा गाउँपालिकाले अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ । यसका लागि गाउँपालिकाद्वारा समुदाय स्तरमा तालिम र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । सामुदायिक नर्सरी स्थापना गरी विभिन्न जातका बिरुवा उत्पादन गर्नुपर्छ । जनतालाई वृक्षरोपण गर्न र वन संरक्षणका लागि प्रोत्साहन गर्नुपर्छ । जनतालाई दाउराको सट्टामा गोबर ग्याँसको प्रयोग गर्न, परम्परागत चुलाको सट्टामा आधुनिक चुलाको प्रयोग गर्न बजेट व्यवस्थापन गर्नुपर्छ ।

वनजङ्गल वन्यजन्तुको आश्रय स्थल हो । वनजङ्गलको संरक्षणबाट वन्यजन्तुको संरक्षणमा मद्दत पुग्छ । वन्यजन्तुको चोरी तथा सिकारलाई निरुत्साहित गर्नुपर्छ । जनतालाई सिपमूलक तालिम दिएर स्वरोजगार बनाउनुपर्छ । गाउँपालिकाले विद्यार्थी, विद्यालय तथा समुदायसँग सहकार्य गरेर वन्यजन्तुको संरक्षणलाई प्रभावकारी बनाउनुपर्छ ।

वास्तवमा वनजङ्गल र वन्यजन्तुको संरक्षणबाट वातावरणको सुरक्षा हुन्छ । स्थानीय सरकारले वातावरणका साथै दिगो विकासका लक्ष्यहरू हासिल गर्न पनि प्रभावकारी कदम चाल्नुपर्छ । गरिबीको अन्त्य, भोकमरीको अन्त्य, स्वच्छ पिउने पानी तथा सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, जमिन माथिको जीवन जस्ता संयुक्त राष्ट्रसङ्घर्षले निर्धारण गरेका दिगो विकासका लक्ष्य हासिल गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्य हासिल गर्न स्थानीय सरकारको भूमिका समन्वयकारी हुन्छ । स्थानीय सरकारले यस विषयमा सङ्घ तथा प्रदेशमार्फत् योजना स्वीकृत गरेर आफ्नो पालिकामा कार्यान्वयन गराउनुपर्छ ।

गाउँपालिकामा बासोबास गर्ने जनताले पनि आफ्ना लागि लागू भएका कार्यक्रममा सहभागी हुनुपर्छ । छलफल, तालिम, गोष्ठीमा सिकिएका कुरालाई आफ्नो दैनिक जीवनमा उपयोग गर्नुपर्छ । गाउँटोलमा देखिएका समस्या समाधानका लागि



नुहाउने साबुनको सिपमूलक तालिम

वडा तथा पालिकामा योजना माग गर्नुपर्छ । गरिबी, भोकमरीको अन्त्य जस्ता कुराहरू सजिलैसँग समाधान हुन गाह्रो हुन्छ । यस्ता कार्यक्रमको सफल कार्यान्वयनका लागि जनता सक्रिय हुनुपर्छ । गाउँपालिकाका बासिन्दाले आफ्नो समुदायका व्यक्ति तथा परिवारलाई सहयोग गर्नुपर्छ । दिगो विकासका लक्ष्य प्राप्तिका लागि स्थानीय सरकार जिम्मेवार हुनुपर्छ । स्थानीय सरकारले समुदायमा दिगो विकासका लागि योजनाबद्ध कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

## अभ्यास

### १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) मल्लरानी गाउँपालिकामा सामुदायिक वन छैनन् । ☐

(ख) वनजङ्गल व्यवस्थापनका लागि उपभोक्ताको भूमिका महत्त्वपूर्ण हुन्छ । ☐

(ग) जनतालाई बजेट वितरण गरी स्वरोजगार बनाउनुपर्छ । ☐

(घ) 'स्वच्छ पिउने पानी तथा सरसफाइ' दिगो विकासका लक्ष्यहरूमध्ये एक हो । ☐

(ङ) दिगो विकासका लक्ष्य हासिल गर्न जनता सक्रिय हुनुपर्छ । ☐

### २ खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) वनजङ्गल संरक्षण गर्नु हामी सबैको ............... हो ।

(ख) गाउँपालिकाले समुदाय स्तरमा तालिम र .............. सञ्चालन गर्नुपर्छ ।

(ग) वनजङ्गलको संरक्षणबाट ............. को संरक्षणमा मदत पुग्छ ।

(घ) स्थानीय सरकारले दिगो विकासका लक्ष्य हासिल गर्न .................... कदम चाल्नुपर्छ ।

(ङ) गाउँपालिकाका बासिन्दाले आफ्नो समुदायका .............. लाई सहयोग गर्नुपर्छ ।

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकामा भएका कुनै तीनओटा सामुदायिक वनका नाम भन्नुहोस् ।

(ख) हामीले आवश्यक पर्दा कस्ता रुख काट्नुपर्छ ?

(ग) वन्यजन्तुको संरक्षणका लागि के के काम गर्न सकिन्छ ?

(घ) कुनै दुईओटा दिगो विकासका लक्ष्य भन्नुहोस् ।

(ङ) दिगो विकासका लक्ष्य कसरी हासिल गर्न सकिन्छ ।

## ४ दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कसलाई वनजङ्गलका उपभोगकर्ता भनिन्छ ?

(ख) कस्ता व्यक्तिलाई दण्ड जरिवाना गर्नुपर्छ ?

(ग) वन्यजन्तु संरक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?

(घ) दिगो विकासका लक्ष्य हासिल गर्न कसको समन्वयकारी भूमिका हुन्छ ?

(ङ) स्थानीय स्तरमा सञ्चालन हुने कार्यक्रम सफल बनाउनको सक्रिय हुनुपर्छ ?

## ५ तपाईँ बसोबास गर्ने वडामा रहेको वनजङ्गल र वन्यजन्तु संरक्षणमा देखिएका चुनौतीहरू के के हुन् ? तालिकामा लेख्नुहोस् :

| वनजङ्गल संरक्षणका चुनौती | वन्यजन्तु संरक्षणका चुनौती |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

६ आफ्नो वरिपरि पाइने कुनै चारओटा जडीबुटीको नाम लेखी त्यसको उपयोगिता पनि लेख्नुहोस् :

| जडीबुटीका नाम | उपयोगिता |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

७ स्थानीय क्षेत्रमा पाइने जडीबुटीबाट कसरी आर्थिक लाभ लिन सकिन्छ ? समूहमा छलफल गरी कक्षा प्रस्तुतीकरण गर्नुहोस् ।

८ तपाइँको नजिकै रहेको नर्सरीमा जानुहोस् र त्यहाँ पाइने बिरुवाको नाम टिपोट गरी वृक्षरोपण गर्ने समय टिपोट गर्नुहोस् :

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................


.....................................................................................................

.....................................................................................................

९ तपाईँको गाउँपालिकाले वनजङ्गल र वन्यजन्तु संरक्षणका लागि के के प्रयास गरेको छ ? शिक्षकको सहयोगमा गाउँपालिकाका कुनै पदाधिकारीलाई विद्यालयमा बोलाएर अन्तक्रिया गर्नुहोस् ।

१० इन्टरनेटका माध्यमबाट दिगो विकासका लक्ष्यहरू टिपोट गर्नुहोस् । उक्त लक्ष्यहरू चार्ट पेपरमा लेखी कक्षाकोठामा टाँस्नुहोस् ।

११ दिइएको चित्र सुहाउँदो रङ भर्नुहोस् :



पाठ ३

# हरियाली प्रवर्धन

शिक्षकले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई दुईओटा समूहमा विभाजन गर्नुभयो । प्रत्येक समूहले भोलिपल्टको कक्षामा निम्न पक्षमा तयारी गरी कक्षा प्रस्तुति गर्न लगाउनुभयो :

समूह 'क' : **इको क्लबको परिचय र गठन प्रकिया**

समूह 'ख' : **हरित विद्यालय**

भोलिपल्ट सर्वप्रथम समूह 'क' को तर्फबाट टोली नेता सपना श्रेष्ठले कक्षा प्रस्तुति गरिन् :



**आदरणीय गुरु तथा मेरा प्यारा प्यारा साथीहरू ।**

म समूह 'क' बाट इको क्लबको परिचय तथा गठन प्रक्रिया शीर्षकमा प्रस्तुतीकरण गर्दै छु ।

इको क्लब वातावरणीय समस्या र संरक्षणसँग सम्बन्धित संस्था हो । यसको प्रमुख उद्देश्य आफ्नो वरिपरिका प्राकृतिक सम्पदाको संरक्षणका लागि प्रोत्साहन गर्नु हो । इको क्लबले विशेष गरी विद्यालय र स्थानीय स्तरका कार्यहरू सञ्चालन गर्छ । इको क्लबद्वारा सञ्चालन गरिने विद्यालय स्तरका कार्यहरू निम्न लिखित छन् :

१. विद्यालय हाता सफा राख्ने र उत्पन्न हुने फोहोरमैला व्यवस्थित रूपमा विसर्जन गर्ने व्यवस्था गर्ने
२. विद्यालय हाताभित्र हरियाली बढाउन वृक्षरोपण तथा बगैँचा निर्माण गर्ने
३. वातावरणीय समस्या र संरक्षणका प्रयासका बारेमा भित्ते पत्रिका प्रकाशन गर्ने
४. विद्यालयमा वातावरण संरक्षण एवम् फोहोरमैला व्यवस्थापन सम्बन्धमा चित्रकला, वक्तृत्वकला, निबन्ध, कविता, सडक नाटक जस्ता प्रतियोगिता सञ्चालन गर्ने
५. विद्यार्थीहरूलाई वातावरणीय समस्या र संरक्षणबारे जानकारी गराउन भ्रमण आयोजना गर्ने
६. विद्यार्थीहरूलाई आफ्नो घरवरिपरि सरसफाइ गर्न, बगैँचा निर्माण गर्न तथा कम्पोस्ट मल बनाउन तालिम सञ्चालन गर्ने

**इको क्लबद्वारा सञ्चालन गरिने स्थानीय स्तरका कार्यक्रमहरू निम्न लिखित छन् :**

१. वातावरणीय समस्या र संरक्षणका बारेमा जनचेतना अभिवृद्धिका कार्यक्रम आयोजना गर्ने
२. फोहोरमैला व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्ने
३. आफ्नो वरिपरिका प्राकृतिक सम्पदाको संरक्षण गर्न प्रोत्साहन गर्ने
४. फोहोरमैला तथा प्रदूषण रोकथामका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने

५. प्लास्टिकजन्य वस्तुको कम प्रयोगका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने

६. स्थानीय सङ्घसंस्थाहरूसँग हातेमालो गरी वातावरणीय क्रियाकलाप सम्पन्न गर्ने

७. स्थानीय सञ्चारका माध्यमको उपयोग गरी वातावरण संरक्षणसम्बन्धी विषयवस्तु प्रकाशन तथा प्रशासन गर्ने

## विद्यालयमा इको क्लबसम्बन्धी व्यवस्था

विद्यालय स्तरमा इको क्लबलाई व्यवस्थित गर्न एउटा कार्यकारिणी समिति गठन हुन्छ। जसमा कक्षा पाँचदेखि कक्षा बाह्रसम्म अध्ययन गर्ने विद्यार्थी रहन सक्छन्। कार्यकारिणी समितिमा एघार जनादेखि पन्ध्र जनासम्म विद्यार्थी रहन सक्छन्। कार्यकारिणी समितिमा प्रत्येक कक्षाका विद्यार्थीको सहभागिता हुनुपर्छ। कार्यकारिणी समितिको पदावधि एक वर्षको रहने छ। कार्यकारिणी समितिमा निम्न लिखित पदाधिकारीहरू रहने छन्।

| | | |
|---|---|---|
| अध्यक्ष | : | १ जना |
| उपाध्यक्ष | : | १ जना |
| सचिव | : | १ जना |
| सहसचिव | : | १ जना |
| कोषाध्यक्ष | : | १ जना |
| सदस्यहरू | : | बढीमा १० जनासम्म |
| संरक्षक | : | सम्बन्धित वडाध्यक्ष र विद्यालयका प्रधानाध्यापक |
| सल्लाहकार | : | वातावरण विषय शिक्षक र गाउँपालिकाको वातावरण तथा सरसफाइ शाखाका प्रमुख |

समूह 'क' का तर्फबाट मेरो प्रस्तुति यहीँ सकिन्छ। धन्यवाद। (ताली बज्छ।)



समूह 'क' को प्रस्तुति पश्चात् समूह 'ख' बाट बाल नेपाल परियारले आफ्नो प्रस्तुति प्रारम्भ गरे :

**नमस्कार ! म समूह 'ख' बाट 'हरित विद्यालय' शीर्षकमा प्रस्तुतीकरण गर्दै छु ।**

हरित विद्यालय भन्नाले सफा सुग्घरयुक्त परिवेशको सुन्दर बगैँचासहितको हरियाली वातावरणको विद्यालय भन्ने बुझ्नुपर्छ । विद्यालयको हरित वातावरणले विद्यार्थीमा सकारात्मक ऊर्जा भरिनुपर्छ । विद्यालयलाई केवल पढाइ लेखाइ हुने थलोका रूपमा मात्र बुझ्नुहुँदैन । विद्यालयमा गरिने प्रत्येक गतिविधिले विद्यार्थीको समुन्नत भविष्य निर्माणको आधार बन्नुपर्छ । तसर्थ हरित विद्यालय निर्माणका लागि विद्यार्थी स्वयमको भूमिका अपरिहार्य हुन्छ । खासगरी हरित विद्यालय निर्माणमा विद्यार्थीहरू निम्न कार्यमा निपूर्ण हुन्छन् :

१. विद्यालयको सरसफाइ र फोहोरमैला व्यवस्थापन गर्न

२. विद्यालयमा बगैँचा निर्माण र सुरक्षा गर्न

३. विद्यालय परिसमा वृक्षरोपण र बिरुवाको सुरक्षा गर्न

४. विद्यालयमा भएको सिकाइका आधारमा हरित घर निर्माण गर्न

हरियाली प्रवर्धन, इको क्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन ऊर्जामैत्री घर तथा विद्यालय, सिकाइ केन्द्रको विकास र सञ्चालन आदि हरित घर तथा विद्यालय निर्माणका आधारभूत पक्ष हुन् ।

यसरी हरित विद्यालय निर्माणको अभ्यासबाट हरित घर निर्माणमा समेत सहयोग पुग्छ । यसबाट हरित समुदाय निर्माणको आधार तयार हुन्छ । हरित विद्यलयका सन्दर्भमा मेरो प्रस्तुति यहीँ समापन गर्छु । धन्यवाद !

# अभ्यास

## १ खाली ठाउँ भर्नुहोस् :

**बाल क्लब कार्यकारिणी समिति**

अध्यक्ष : ..................................................

उपाध्यक्ष : ..................................................

सचिव : ..................................................

सहसचिव : ..................................................

कोषाध्यक्ष : ..................................................

सदस्यहरू : ..................................................

संरक्षक : ..................................................

सल्लाहकार : ..................................................

## २ ठिक बेठिक छुट्याउनुहोस् :

(क) इको क्लब वातावरणीय समस्या र संरक्षणसँग सम्बन्धित छ ।

(ख) इको क्लबद्वारा गाउँपालिका स्तरीय कार्यहरू हुन्छन् ।

(ग) प्लास्टिकजन्य वस्तुको कम प्रयोगका लागि जनचेतना बढाउनुपर्छ ।

(घ) हरित विद्यालयको अवधारणा सरसफाइसँग सम्बन्धित छ ।

(ङ) विद्यालयमा विद्यार्थीलाई हरित घर निर्माणसम्बन्धी तालिम दिइन्छ ।

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) इको क्लब कस्तो संस्था हो ?

(ख) इको क्लबले विद्यालय स्तरमा गर्ने कुनै दुईओटा कार्य भन्नुहोस् ।

(ग) इको क्लबको पदावधि कति वर्षको हुन्छ ?

(घ) हरित विद्यालय भन्नाले के बुझिन्छ ?

(ङ) हरित विद्यालय कसरी तयार हुन्छ ?

## ४ दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) इको क्लबको परिचय लेख्नुहोस् ।

(ख) इको क्लबका मुख्य कामहरू के के हुन् ?

(ग) इको क्लब कसरी गठन हुन्छ ?

(घ) हरित विद्यालय निर्माणका आधारभूत पक्षहरू के के हुन् ?

(ङ) 'हरित विद्यालय निर्माण गर्नु नै हरित घर निर्माण गर्नु हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

५ हरित विद्यालय निर्माणका लागि इको क्लबले कस्ता कस्ता काम गर्नुपर्छ ? इको क्लबको कार्यकारिणी समितिसँग छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

६ हरित विद्यालयका विशेषताहरू टिपोट गरी कक्षा प्रस्तुति गर्नुहोस् :

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

७ ऊर्जामैत्री घरका लागि तपाईँ आफ्नो वडाबाट के के कार्यक्रम अपेक्षा गर्नुहुन्छ ? शिक्षकको सहयोग लिई वडाध्यक्षसँग छलफल गर्नुहोस् ।

८ 'हरित विद्यालय निर्माणमा इको क्लबको भूमिका' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

पाठ ३

# फोहोरबाट मोहोर

**(सिद्धथान मन्दिर परिसरमा बसेर मनिता शाही र ईश्वर पौडेल कुराकानी गरिरहेका छन् । उनीहरूको कुराकानीको विषय फोहोरमैला व्यवस्थापन रहेको छ । कुराकानीको बिचमा शिक्षक उषा नेपालीको आगमन हुन्छ । उहाँले मनिता र ईश्वरलाई सम्बन्धित विषयमा स्पष्ट पार्नुहुन्छ । )**

**मनिता :** ओहो ! ईश्वर । आज बिदाको दिन कता हिँड्यौ ?

**ईश्वर :** तिमी पनि गज्जबको कुरा गर्छ्यौ । आज बिदाको दिन भएपछि यताउति घुमफिर गर्नु परेन त !

**मनिता :** ढुङ्गाा खोज्दा देउता मिले जस्तै भयो । म पनि घुमफिरकै लागि हिँडेकी । ल हिँड सिद्धथान मन्दिरमा जाऔँ ।

**(दुवै जना सिद्धथान मन्दिरतिर लाग्छन् ।)**



ईश्वर : लौ हेर, मन्दिर क्षेत्र पनि कति फोहोर भएको । जताततै चाउचाउ, बिस्कुट, धुपका प्लास्टिक र बट्टा मात्र देखिन्छन् ।

मनिता : मानिसहरूमा चेतना पनि कहिले आउने होला के ? यसरी जथाभावी फोहोरमैला फाल्दा रोगको प्रकोप बढ्छ ।

ईश्वर : त्यति मात्र हो र मनिता, यस्ता प्लास्टिकजन्य फोहोर न कुहिन्छन् न जलाउन मिल्छ । यसले त वातावरणीय समस्या निम्त्याउँछ ।

मनिता : यस विषयमा सबैको चासो र चिन्ता हुनुपर्ने होइन र ?

ईश्वर : फोहोरमैला व्यवस्थापनप्रति समुदायको भूमिका कस्तो छ भन्ने कुरा त यहींको अवस्थाबाट बुझिहालियो नि ? (उषा नेपाली टुप्लुक्क आउनुहुन्छ । दुवै जनाले उहाँलाई नमस्कार गर्छन् ।)

उषा : तपाईंहरू कतै घुमफिर गरेर आउनुभयो कि भाइबहिनीहरू ?

मनिता : हजुर गुरुआमा । आज बिदाको दिन त्यही भएर अनि हजुर कहाँसम्म पुगेर आउनुभयो ?

उषा : म वडा कार्यालय पुगेर आएकी । आज फोहोरमैला व्यवस्थापनसम्बन्धी छलफल थियो । अब हामीले विद्यालय, स्थानीय सङ्घसंस्था, समुदाय सबैसँग सहकार्य गरेर फोहोरमैला व्यवस्थापनमा सक्रियता बढाउनुपर्छ ।

ईश्वर : हामी पनि यहाँ फोहोरमैला व्यवस्थापनका सन्दर्भमा कुराकानी गरिरहेका थियौँ ।

मनिता : (औँलाले फोहोरतिर देखाउँदै) हेर्नुहोस् न गुरुआमा, मन्दिर त सबैको साझा सम्पत्ति हो । जताततै प्लास्टिक, सामानका बट्टा, कुहिएका फलफूल ...................... । यो त अति नै भयो के ।

उषा : ठिक भन्नुभयो । अब वडा कार्यालयले ठाउँठाउँमा फोहोर फाल्ने भाँडाको व्यवस्था गर्ने छ । हामीले आआफ्ना ठाउँबाट जनचेतना फैलाउनुपर्छ । समुदायमा जागरण ल्याउनुपर्छ । अब 'फोहोरबाट मोहोर' अभियान सुरु गर्नुपर्छ ।

ईश्वर : होइन, यो फोहोरबाट मोहोर भनेको के हो नि गुरुआमा ?

उषा : ल सुन्नुहोस् । यो निकै उपयोगी कुरा छ । फोहोरबाट आम्दानी गर्ने कुरालाई नै फोहोरबाट मोहोर भनिएको हो ।

मनिता : कस्तो अचम्म ! फोहोरबाट पनि आम्दानी हुन्छ र ?

उषा : (मुसुमुसु हाँस्दै) मेरो कुरा सुन्नुहोस् है, फलफूलका बोक्रा, कुहिएका फलफूल, खेर गएका खानेकुरा आदि कुहिने किसिमका फोहोर हुन् । यस्ता फोहोरलाई छुट्टै भाँडामा राखेर कम्पोस्ट मल बनाउन सकिन्छ । कम्पोस्ट मललाई करेसाबारी, बगैँचामा उपयोग गर्न सकिने नै भयो । मल किन्नुपर्दा पैसा लाग्थ्यो । यसबाट हाम्रो खर्च बच्यो ।

ईश्वर : (उत्साही हुँदै) गुरुआमाले कति राम्रो तरिका बताउनुभयो ।

मनिता : (विस्तारी बोल्दै) अनि प्लास्टिकजन्य फोहोरलाई चाहिँ के गर्ने त गुरुआमा ?

उषा : तपाईँले कस्तो राम्रो जिज्ञासा राख्नुभयो । प्लास्टिकजन्य फोहोर व्यवस्थापन निकै चुनौतीपूर्ण छ । यद्यपि यसलाई पुनः प्रयोग गर्न सकिन्छ । पानीका बोतललाई पुनः प्रयोग गरेको त देखेकै छौँ । प्लास्टिकका झोला वा थैलालाई पनि पुनः प्रयोग गरेर प्लास्टिकको खपत कम गर्न सकिन्छ । यति मात्र हो र ? खेर जाने प्लास्टिकबाट झोला, सुकुल, चकटी, डोरी, खेलौना जस्ता सामान बनाएर आम्दानी गर्न सकिन्छ । यसका लागि समुदायका मानिसहरूलाई तालिमको व्यवस्था गर्नुपर्छ ।

ईश्वर : ओहो ! जानियो भने फोहोरबाट साच्चै मोहोर हुँदो रहेछ ।

**मनिता** : हजुरले भन्नुभए जसरी काम गर्ने हो भने त फोहोरलाई समस्याको रूपमा लिनै पर्दैन नि ।

**उषा** : हो नि नानी । यो असाध्यै उपयोगी र व्यावहारिक तरिका हो । तरिका जानेपछि जसले पनि काम गर्न सकिहाल्छ ।

**ईश्वर** : म पनि त्यही सोचिरहेको नि । बिहान बेहुकीको फुर्सदको समयमा यसरी अतिरिक्त आम्दानी हुने काम गरेपछि आर्थिक हैसियत पनि बढ्छ ।

**मनिता** : यो त एक किसिमको स्वरोजगार नै भयो नि । होइन र ?

**उषा** : हो यो स्वरोजगारको कार्यक्रम बन्न सक्छ । यसका लागि हामी सबैको आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्छ । (घडी हेर्दै) ओहो ! चार बजिसकेछ ।

**ईश्वर** : हजुरलाई हामीले बराल्यौँ क्यारे !

**उषा** : होइन नि बाबु । फोहोरमैला विषयमा यति महत्त्वपूर्ण कुराकानी भयो ।

**मनिता** : त्यही त भन्या । कति नयाँ र हामीले सोच्दै नसोचेको कुरा थाहा भयो ।

**उषा** : लौ त नानीबाबुहरू । अहिलेलाई म हिँडें । यस विषयमा वडा अध्यक्षसहित भोलि हाम्रो विद्यालयमा छलफल हुने छ । तपाईंहरू भोलि पूर्व तयारी गरेर आउनुहोस् है त ।

**दुवै जना** : हवस् गुरुआमा भोलि हामी हजुरले भनेअनुसार पूर्व तयारी गर्छौं ।

**(शिक्षक उषा नेपाली ईश्वर र मनितासँग विदा मागेर घरतिर जानुहुन्छ ।)**

# अभ्यास

**१ तपाईँको नजिकै रहेको सार्वजनिक स्थलको फोहोरमैला व्यवस्थापनका बारेमा लेख्नुहोस् :**

सार्वजनिक ठाउँको नाम : ..................................................................

फोहोर फाल्ने भाँडो : ..................................................................

फोहोर व्यवस्थापनको अवस्था : ..................................................................

तपाईँको सुझाव : ..................................................................

**२ ठिक बेठिक छुट्याउनुहोस् :**

(क) सिद्धथान मन्दिर परिसरमा मनिता र ईश्वर कुराकानी गरिरहेका छन् । ☐

(ख) जथाभावी फोहोरमैला फाल्दा झिँगा बढ्छन् । ☐

(ग) अब वडा कार्यालयले फोहोर फाल्ने भाँडाको व्यवस्था गर्ने छ । ☐

(घ) कुहिने किसिमको फोहोरको व्यवस्थापन गर्न चुनौतीपूर्ण हुन्छ । ☐

(ङ) फोहोर व्यवस्थापनका लागि समुदायमा तालिम दिनुपर्छ । ☐

**३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :**

(क) कुराकानीको बिचमा कसको आगमन हुन्छ ?

(ख) कस्तो फोहोर जलाउन मिल्दैन ?

(ग) मन्दिर कस्को सम्पत्ति हो ?

(घ) कम्पोस्ट मललाई कहाँ उपयोग गर्न सकिन्छ ?

(ङ) प्लास्टिकबाट कुन कुन सामान बनाउन सकिन्छ ?

## ४ दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सिद्धथान मन्दिर वरिपरि कसरी फोहोर भएको रहेछ ?

(ख) वडा कार्यालयले के विषयमा छलफल चलाएको थियो ?

(ग) प्लास्टिकजन्य फोहोरलाई किन चुनौतीपूर्ण मानिन्छ ?

(घ) फोहोरलाई समस्याका रूपमा नलिन के के गर्नुपर्छ ?

(ङ) फोहोरलाई किन मोहोर भनिएको रहेछ ?

## ५ चित्र वर्णन गर्नुहोस् :




## ६ तपाईँ अध्ययनरत विद्यालयबाट उत्पन्न हुने ठोस किसिमका फोहोरलाई कसरी व्यवस्थापन गरिएको छ ? शिक्षकसँग छलफल गर्नुहोस् ।

७ तपाइँको गाउँपालिका क्षेत्रमा कुन कुन कारणले वातावरण प्रदूषण भइरहेको छ ? उक्त प्रदूषण न्यूनीकरण गर्ने उपाय समेत कक्षामा सुनाउनुहोस् ।

८ 'तपाइँको विद्यालयमा गठन गरिएको इको क्लबको सक्रियता गाउँपालिकाको समन्वयमा ठोस किसिमका फोहोरबाट तथा कम्पोस्टिङ गर्ने प्रक्रियासम्बन्धी तालिम सञ्चालन गर्नुहोस् ।

९ तपाइँको वडामा पानीका स्रोतहरूलाई कसरी उपयोग गरिएको छ ? चार्ट पेपरमा सूची बनाई कक्षामा प्रस्तुति गर्नुहोस् :

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

१० शिक्षकको सहयोगमा गाउँपालिकाको भ्रमण गरी गाउँसभाबाट पास गरिएका कानुनहरू टिपोट गरी भित्तेपात्रिकामा टाँस्नुहोस् ।

एकाइ 3


# हाम्रा सम्पदाहरू

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



स्थानीय सोरठी नाच



पालुकाथान मन्दिर



झाँक्री स्थान




शान्ति स्मारक

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) हामीले परम्परागत गीत तथा नृत्यको किन संरक्षण गर्नुपर्छ ?

(ख) मल्लरानी गाउँपालिकामा पर्यटकहरूको आवागमन बढाउन के के गर्नुपर्छ ?

पाठ १

# स्थानीय गीत तथा नृत्यहरू

मल्लरानीका स्थानीय गीत तथा नृत्यहरूमध्ये सोरठी विशेष गरी मगर जातिसँग सम्बन्धित सांस्कृतिक पहिचान हो । हिजोआज सबै जातजाति सोरठी गीतसङ्गीतमा परिचित हुनु सुखद पक्ष हो । ठाउँअनुसार सोरठी गायन र नृत्यमा फरक फरक विशेषता पाइन्छन् । प्राचीन समयमा साउन महिनादेखि पुस महिनासम्म मात्र सोरठी नाचगान गर्न पाइन्थ्यो । अचेल भने जुनसुकै समयमा पनि यो नाचगान गर्न बन्देज छैन । सोरठी गायनमा महिला तथा पुरुषहरूको समूह हुन्छ । महिलाहरूले गुन्यु, चोलो, पटुकी जस्ता पहिरन लगाउँछन् । पुरुषहरूले चाहिँ दौरा, सुरुवाल र स्टकोट लगाउने गर्छन् । सोरठी नृत्यमा भने पुरुषहरूको मात्र भूमिका हुन्छ । पुरुषहरूले महिलाको भेषमा सामूहिक नृत्य प्रदर्शन गर्छन् । मादलको तालमा पौराणिक कथालाई मधुर गीति लयमा प्रस्तुत गरिन्छ । सोहीअनुसारको हाउभाउमा महिलाको भेषभुषामा अभिनयसहित नृत्य गरिन्छ । सामान्यतया कसैको घर परिवारबाट आमन्त्रण भए पश्चात् सोरठी समूह नाचगानका लागि त्यहाँ पुग्ने प्रचलन छ । सोरठी समूहलाई बोलाउने व्यक्तिले दान दक्षिणासहित बिदाई गर्नुपर्छ । मल्लरानीका वार्ड न. २ को भरमुङ स्युते, खरिन्डाँडा वार्ड नं. १ को प्राय सबै ठाउँ र प्राय जनजातिको बाक्लो बस्ती भएका स्थानहरू सोरठी गीत तथा नृत्यका लागि चर्चित हुन् ।



सोरठी नाच

मल्लरानीका प्रसिद्ध नृत्यहरूमध्ये गाईजात्रा पर्व विशेषको नृत्यलाई पनि लिन सकिन्छ । गाईजात्रा पर्व नेवार समुदायमा मृत्यु संस्कारसँग जोडिएर आएको पर्व हो । यो पर्व

जनैपूर्णिमाको भोलिपल्ट अर्थात् भदौ कृष्ण प्रतिपदाको दिन मनाउने गरिन्छ । नेवारहरू गाईजात्रालाई सापारु भन्ने गर्छन् । यो जात्रामा वर्ष दिनभित्र मृत्यु भएका आफन्तको आत्मा स्वर्गमा पुगोस् भनेर मनाइने पर्व हो । हिजोआज गाईजात्रा हास्यव्यङ्गसँग जोडेर मनाउने गरिन्छ । पहिले पहिले मृतकको परिवारबाट गाईलाई नै सिँगारेर नगर परिक्रमा गराउने प्रचलन थियो ।



लाखे नाच

पछिल्लो समय गाईजात्राको पहिचान हास्यव्यङ्गसँग जोडिएको पाइन्छ । विभिन्न भेषभुषामा सिँगारिएका ख्यालः अर्थात् जोकरहरूले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्छन् । सेता वा राता जामा लगाएर, शिरमा मुखुण्डो पहिरिएर हातमा चौँरीको पुच्छर बोकेर लाखेहरूले झ्यालीको तालमा नाच्दै नगरपरिक्रमा गर्छन् । दर्शकहरूले लाखेलाई भेटी चढाउँछन् । जात्रालुहरू लाखेको पछिपछि हिँडेर नगर परिक्रमा गर्छन् । हाम्रो गाउँपालिकाका नेवार बस्ती रहेका खलङ्गा स्थानहरू गाईजात्राका लागि प्रसिद्ध छन् ।



खैँजडी भजन

खैँजडी भजनले परापूर्व कालदेखिको सांस्कृतिक पहिचानलाई निरन्तरता दिएको छ । यसमा भजन र नृत्यको प्रमुख आकर्षण रहन्छ । खैँजडी भजन ब्राह्मण क्षेत्री समुदायको परम्परागत

सांस्कृतिक गतिविधिमा आधारित हुन्छ । भजन भट्याउने एक जना मूल गुरु त्यसपछि समूहगत रूपमा प्रत्येक अन्तरालाई गाइन्छ । खैँजडी भजन रामायण, महाभारत, स्वस्थानी जस्ता पौराणिक गाथामा आधारित हुन्छ । भजनका माध्यमबाट पौराणिक कथा कहानी प्रस्तुत हुन्छ । खैँजडी भजनमा खैँजडी, मुजुरा आदि वाद्यवादन प्रयोग गरिन्छ । भजनको कथा र लयको तालमा अभिनयसहित नृत्य प्रदर्शन गरिन्छ । परम्परागत रूपमा पुरुषहरू मात्र खैँजडी भजन तथा नाचमा सहभागी भए पनि अहिले महिला तथा पुरुष दुवैको सहभागिता रहेको हुन्छ । पुरुषहरूले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरूले साडी, चोलो लगाउँछन् । खैँजडी भजन पूजाआजा जस्ता शुभ मङ्गलका कार्य र मठमन्दिरका जात्राहरूमा बढी लोकप्रिय छ । यहाँका राजिमे, सोल्लीथुम, चुदरीखोला स्थान तथा शिवालय, चौरपानीकोट मन्दिरमा खैँजडी भजन गर्ने गरिन्छ ।

## अभ्यास

**१ शिक्षकले विद्यार्थीहरूलाई पालैपालो स्थानीय स्तरमा गाइने निम्न गीतहरूलाई गाउन लगाउनुहोस् र लेख्नुहोस् :**

१. ज्याउँरे गीत
२. लोक गीत
३. असारे गीत
४. भजन

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## २ जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सोरठी | पौराणिक गाथामा आधारित |
| गाईजात्रा | खैँजडी भजनमा प्रयोग गरिने बाजा |
| खैँजडी भजन | लाखेले शिरमा लगाउने वस्तु |
| मुखुण्डो | बिस्केट जात्रा |
| मुर्चुङ्गा | लाखे नाच |

## ३ तपाईँको समुदायमा प्रचलित गीत तथा नृत्यका बारेमा लेख्नुहोस् :

गीतको बोल : ..........................................................................................

गीत गाइने विशेष समय/पर्व : ..........................................................................

आवश्यक वाद्यवादन : ..................................................................................

नृत्यको नाम : ...........................................................................................

नृत्य गर्दा चाहिने पहिरन : ..............................................................................

समुदायको नाम : ........................................................................................

### गीत तथा नृत्यको सांस्कृतिक पहिचान

- ........................................................................................................
- ........................................................................................................
- ........................................................................................................

## ४ दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सोरठी कुन जातिको सांस्कृतिक पहिचान हो ?

(ख) गाईजात्रामा लाखेहरू कसरी नाच्छन् ?

(ग) गाईजात्रा कहिले मनाइन्छ ?

(घ) खैँजडी भजनको प्रमुख आकर्षण के हो ?

(ङ) खैँजडी भजनका लागि कुन कुन वाद्यवादन अनिवार्य हुन्छ ?

## ५ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्राचीन कालमा सोरठी नाचगान कुन समयमा हुन्थ्यो ?

(ख) सोरठी नृत्यको प्रमुख आकर्षण के हो ?

(ग) नेवारहरू गाईजात्रा किन मनाउँछन् ?

(घ) हिजोआज गाईजात्रा कसरी मनाइन्छ ?

(ङ) कस्तो अवसरमा खैँजडी भजन गरिन्छ ?

## ६ चित्र वर्णन गर्नुहोस् :



७ चार चार जना साथीहरूको समूह मिली तीजगीत सङ्कलन गर्नुहोस् र कक्षामा गाएर सुनाउनुहोस् ।

८ स्थानीय मगर समुदायका सांस्कृतिक विषयवस्तुका विज्ञ व्यक्तिलाई विद्यालयमा आमन्त्रण गर्नुहोस् र उहाँलाई सोरठी गीत तथा नृत्यका बारेमा बताउन लगाउनुहोस् । उहाँको सहयोगमा सामूहिक रूपमा सोरठी गीत तथा नृत्यसमेत प्रस्तुत गर्नुहोस् ।

९ स्थानीय नेवार समुदायका संस्कृतिविद्लाई विद्यालयमा आमन्त्रण गर्नुहोस् । उहाँबाट नेवारी पर्व विशेषका गीत तथा नृत्यका बारेमा सुन्नुहोस् । उहाँको सहयोगमा सामूहिक गीत तथा नृत्य प्रस्तुत गर्नुहोस् ।

१० तपाईँको आफ्नो समुदायमा मनाइने कुनै पर्व विशेषका गीत तथा नृत्यको सांस्कृतिक पक्षका बारेमा आफ्ना अभिभावकसँग कुराकानी गरी एउटा लेख तयार पार्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

११ स्थानीय जात्रा वा पर्वका लोकगीत तथा नृत्य रेकर्ड गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

पाठ ९

# ऐतिहासिक तथा धार्मिक सम्पदाहरू

कुनै पनि स्थानमा रहेका इतिहाससँग सम्बन्धित दरबार युद्धभूमि, स्मारक, गढी आदिलाई ऐतिहासिक सम्पदा मानिन्छ । ऐतिहासिक सम्पदाले इतिहासका विषयवस्तुलाई समेट्ने कारणले भावी पुस्ताका लागि संरक्षणमा ध्यान दिनु उत्तिकै आवश्यक हुन्छ। नयाँ पिँढीलाई यसबारे जानकारी गराउनु र प्रचार प्रसार गराउनु पनि उत्तिकै महत्त्वपूर्ण विषय हो ।

मल्लरानी गाउँपालिका वडा नं. ४ गुठ नर्सरी स्थानमा गुठ दरबार अवस्थित छ । स्थानीय बुढापाकाहरूका अनुसार वि.सं. १८०० तिर सल्यानी राजा प्रताप शाही प्यूठान आएका थिए । वडा हाकिमका रूपमा गुठ नर्सरी आइपुगेका प्रताप शाहीलाई यो ठाउँ निकै मन पऱ्यो । त्यसपछि उनी यहीँ बसोबास गर्न थाले। पछि उनले आफ्ना दुई भाइ छोरा नरनारायण र प्रेमबहादुरलाई पनि यहीँ बोलाए । उनीहरू गुठी नर्सरीमा स्थायी



गुठ दरबार

बसोबास गर्ने क्रममा सल्यानबाट ब्राह्मण, दमाईं, सार्कीलाई पनि आफूहरूसँगै लिएर आएको बुझिन्छ । गुठ नर्सरीमा अहिले रहेको दरबार प्रताप शाही आफैँले बनाएका थिए ।

प्रताप शाहीले आफ्नी एउटी छोरी तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरसँग विवाह गरिदिएका थिए । विवाह पश्चात् चन्द्रशमशेरले गुठ दरबारको पुनर्संरचनाका लागि ससुरालीलाई आर्थिक सहयोग गरेका थिए । वेगला, डुङ्डुङ्गे खोला, हाँडीखोलामा कुलो तथा नहर बनाइयो । अनसार बगैँचा बनाइयो । यसमा पनि चन्द्रशमशेरकै सहयोग रहेको पाइन्छ । चन्द्रशमशेरले दरबारको स्तरोन्नति र वरिपरिको विकास निर्माणमा मदत गरेका थिए । वि.सं. २०१४ मा आगलागी भएपछि दरबारको भग्नावशेष मात्र बाँकी रह्यो । आगलागीबाट दरबारका सरसामान जलेर नष्ट भए । आगलागीका कारण दरबारको इतिहास पनि ओझेल पऱ्यो । गुठ दरबारसँगै त्यही समयको प्राचीन घर रहेको छ । यो ऐतिहासिक घरको तत्काल पुनर्निमाण हुनु जरुरत छ । गुठ दरबारको पुननिर्माण हुनु आवश्यक छ । मल्लरानीमा आन्तरिक पर्यटन प्रवर्धनका लागि यस्ता प्राचीन सम्पदाले टेवा पुऱ्याउने छन् ।


पालुकाथान मन्दिर

मल्लरानी गाउँपालिका वडा नं. २ चुँजामा पालुकाथान अवस्थित छ । यसको आफ्नै धार्मिक तथा सांस्कृतिक महत्त्व छ । स्थानीय खिमबहादुर खड्का र कृष्णप्रसाद शर्माका अनुसार भारतको पौँदी भन्ने ठाउँबाट आर्य जातिका चार दाजुभाइ नयाँ बस्तीको खोजीमा पाला बालेर यहाँ आइपुगे । उनीहरू यहाँ आइपुगेपछि उक्त पाला निभ्यो । त्यसैले यस ठाउँको नाम 'पालाको स्थान' रहन गयो । 'पालाको स्थान' शब्द अपभ्रंश भई पालुकाथान रहन पुग्यो । यही स्थानमा करिब ३०० वर्षअघि भगवान् शिवको

मन्दिर स्थापना भयो । तत्कालीन समयमा यस क्षेत्रमा प्रशस्त मात्रामा घरपालुवा जनावर पालिन्थ्यो । ती घरपालुवा जनावरलाई रोगव्याधी नलागोस् र जङ्गली जनावरले आक्रमण नगरुन् भनेर **देवादिदेव शिव मन्दिर** स्थापना गरिएको विश्वास गरिन्छ । पालुकाथान प्यूठान जिल्लाको मध्येपूर्वी क्षेत्रकै धार्मिक सम्पदाको रूपमा रहेको छ । यहाँ धार्मिक पर्यटकहरूको आवागमन बढेको छ ।

चार जना आर्य दाजुभाइले भारतको पौंदीबाट ल्याएको पाला नै यस मन्दिरको ऐतिहासिक तथ्य देखिन्छ । वि.सं. १९१७ मा भक्तजनले चढाएको घण्टाबाहेक अरू प्रामाणिक तथ्य फेला परेको छैन । मन्दिरमा अवस्थित तामाको मूर्ति वि.सं. २०२७/०२८ तिर चोरी भएको थियो । त्यसपछि अहिले पालुकाथानमा रहेको मूर्ति तयार पारी विधिवत रूपमा पूजाआजा गर्न थालियो । पालु देवताको पूजाआजा गर्नाले पाल्तु जनावरको रक्षा तथा शान्ति र समृद्धि हुने जन विश्वास छ । यहाँ मङ्सिर शुक्ल पूर्णिमाका दिन पूजाआजा गरी भेडाको बली दिने प्रचलन छ ।

लुम्बिनी प्रदेश सरकार तथा मल्लरानी गाउँपालिकाको प्रयासमा पालुकाथान मन्दिरको स्तरोन्नति भएको छ । मन्दिरको प्राङ्गणमा बाघका दुईओटा प्रस्तर मूर्ति बनेका छन् । मन्दिरको घेराबाट पनि तयार भएको छ । मन्दिरको संरक्षण र व्यवस्थापनका लागि पालुकाथान मन्दिर व्यवस्थापन समितिसमेत गठन भएको छ ।

# अभ्यास

## १ खाली ठाउँ भर्नुहोस् :

(क) गुठ दरबार ................................. स्थानमा अवस्थित छ ।

(ख) ............................ ले गुठ दरबार निर्माण गरेका हुन् ।

(ग) आगलागी पश्चात् गुठ दरबारको .................. मात्र बाँकी रह्यो ।

(घ) ..................... शब्द अपभ्रंश भएर पालुकाथान नाम रह्यो ।

(ङ) वि.सं. १९१७ लेखिएको घण्टा पालुकाथानको .................. तथ्य हो ।

**२** तपाईँ बसोबास स्थान नजिकै रहेको कुनै ऐतिहासिक सम्पदाको बारेमा लेख्नुहोस् :

ऐतिहासिक सम्पदाको नाम : ..........................................................................

उक्त सम्पदा निर्माण गर्ने व्यक्ति : ..................................................................

निर्माण भएको समय : ..............................................................................

ऐतिहासिक विशेषता : ..............................................................................

उक्त सम्पदाको अहिलेको अवस्था : ..............................................................

उक्त सम्पदा संरक्षणको उपाय : ..................................................................

**३** दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) गुठ दरबार कहाँ छ ?

(ख) गुठ दरबारको पुनर्संरचनाका लागि कसले मदत गरे ?

(ग) पालुकाथानमा कुन देवताको पूजाआजा गरिन्छ ?

(घ) पालुकाथानमा रहेको मूर्ति कहिले चोरी भयो ?

(ङ) पालुकाथानको प्राङ्गणमा केको मूर्ति राखिएका छन् ?

**४** दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्रताप शाही किन गुठ नर्सरीमा बसोबास गर्न थाले ?

(ख) चन्द्रशमशेरले आफ्ना ससुरालीलाई कुन कुन काममा सहयोग गरे ?

(ग) गुठ दरबारमा कहिले आगलागी भयो ?

(घ) पालु देवताको पूजाआजा किन गरिन्छ ?

(ङ) पालुकाथान मन्दिरको स्तरोन्नति कसरी भएको छ ?

**५** चित्र वर्णन गर्नुहोस् :



**६** तपाईँको गाउँपालिकामा रहेका ऐतिहासिक सम्पदाको सूची बनाई यसका ऐतिहासिक महत्त्वसमेत टिपोट गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

| क्र.सं. | ऐतिहासिक सम्पदाको नाम | ठेगाना | ऐतिहासिक महत्त्व |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

**७** ऐतिहासिक सम्पदाको संरक्षणमा स्थानीय सरकारले के के काम गर्नुपर्ला ? सामूहिक छलफल गरी उक्त गाउँ पालिका प्रमुखलाई लिखित सुझाव दिनुहोस् ।

८ तपाईँको गाउँ पालिकामा रहेका धार्मिक सम्पदाको सूची बनाई यसका सांस्कृतिक विशेषतासमेत टिपोट गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

| क्र.सं. | सांस्कृतिक सम्पदाको नाम | ठेगाना | सांस्कृतिक विशेषता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

९ तपाईँ बसोबास गर्ने स्थानबाट नजिकै रहेको कुनै धार्मिक स्थलको भ्रमण गरी त्यहाँ देखिएका सकारात्मक पक्ष र सुधार गर्नुपर्ने पक्षका बारेमा टिपोट गरी कक्षा प्रस्तुति गर्नुहोस् :

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

१० 'हाम्रो सम्पदा : हाम्रो पहिचान' शीर्षकमा लेख लेखी स्थानीय पत्रिका वा विद्यालयको भित्ते पत्रिकामा प्रकाशनका लागि दिनुहोस् ।

एकाइ ४

# हाम्रो पेसा, व्यवसाय र प्रविधि

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :


आँपको बगैँचा


गाईवस्तु पालन


कुखुरा पालन


काठका सामान उत्पादन भइरहेको

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) स्थानीय स्तरका परम्परागत पेसा र व्यवसायहरू के के हुन् ?

(ख) स्थानीय उत्पादनहरूलाई कसरी व्यवसायीकरण गर्न सकिन्छ ?

पाठ १

# कृषि उत्पादन र बेचबिखन

मल्लरानी गाउँपालिकाका धेरैजसो जनता कृषि पेसामा आबद्ध छन् । यहाँ पहाडी क्षेत्रमा उत्पादन हुने अन्नबाली दलहन र तरकारी उत्पादन हुन्छ । मकै, कोदो, फापर, धान, गहुँ, जौ आदि उत्पादन गरिन्छ । सिमी, बोडी, चना, केराउ र गहत यहाँ उत्पादन हुने दलहन हुन् । आलु, बन्दाकोपी, फूलकोपी, ब्रोकाउली, गोलभेडा, भन्टा, करेली, चुच्चे करेली, बकुल्ला, सिमी आदि यहाँ उत्पादन हुने प्रमुख तरकारी हुन् । हाम्रा खेतबारीमा फल्ने अन्न, दाल, तरकारीलाई हामी घरायसी प्रयोजनमा मात्र खपत गर्दैनौँ । यी उत्पादनलाई बजारसम्म पुऱ्याएर आम्दानी पनि गरिरहेका हुन्छौँ ।



खेतबारीमा गरिने कृषि कार्यमा परिवारका केटाकेटीको पनि उत्तिकै सहभागिता हुन्छ । विद्यालय विदा भएको समय तथा बिहान बेलुकीको फुर्सदको समयमा हामी पनि खेतबारीमा जान्छौँ । बालीनाली लगाउन, गोडमेल गर्न, सिँचाइ गर्न सहयोग गर्छौं । यस किसिमका सहयोगबाट हामीले पनि खेतीपाती गर्ने तरिका सिक्छौँ । मौसमअनुसारका अन्नबाली पहिचान गर्न सिक्छौँ । त्यति मात्र हो र ! कृषि उपजलाई बजारसम्म पुऱ्याउने काम पनि गर्छौं । यसबाट बुबाआमालाई राम्रो मदत पुग्छ । हामीलाई पनि काम गर्ने आदत बस्छ । वास्तवमा कुनै पनि काम आफैँमा ठुलो वा सानो हुँदैन । हामीले कामलाई सम्मान गर्न सिक्नुपर्छ ।

खेतीपाती र पशुपालन व्यवसायलाई पुरक व्यवसायका रूपमा लिइन्छ । खेतीपातीका क्रममा निस्किने विभिन्न वस्तु गाईवस्तुलाई खुवाउन सकिन्छ । मकैको ढोड, खोस्टा, धानको पराल, कोदाको नल आदि गाईभैँसीका लागि पोसिलो हुन्छ । यी कुराहरू त हामीले देख्दै आएका छौँ । त्यसैगरी गाईभैँसीका गोबर मललाई खेतबारीमा खपत गरेर माटो मलिलो बनाउन सकिन्छ । गोबर, झारपात, पातपतिङ्गर आदि कुहाएर बनाइने मललाई प्राङ्गारिक मल भनिन्छ । प्राङ्गारिक मलको प्रयोगबाट माटोको उर्वराशक्ति बढाउन सकिन्छ । प्राङ्गारिक मल घरमै सजिलैसँग उत्पादन गर्न सकिने हुँदा यो कम खर्चिलो हुन्छ ।



विशेष गरी दुध उत्पादनका लागि गाईभैँसी पाल्ने गरिन्छ । दुधबाट दही, घिउ, खुवा,पनिर आदि उत्पादन हुन्छ । दुधबाट उत्पादन हुने यस्ता वस्तुलाई दुग्धजन्य उत्पादन भन्ने गरिन्छ । गाईभैँसीबाट धेरै दुध उत्पादन गर्न असल जातका गाईभैँसी छनोट गर्नुपर्छ । गाईभैँसीलाई नियमित रूपमा डाले घाँस, खोलेकुँडो, दाना आदि खुवाउनुपर्छ । तिनीहरूको सरसफाइलाई पनि उत्तिकै ध्यान दिनुपर्छ । गाईभैँसीलाई फोहोरी अवस्थामा राखियो भने तिनीहरू रोगाउँछन् । गाईवस्तुलाई बेलाबखत खोरेत, नाम्ले, ज्वरो जस्ता रोगले सताउन सक्छन् । यस्तो अवस्थामा भेटनेरीबाट सहयोग लिएर उपचार गनुपर्छ । परिवारका केटाकेटीले उमेरअनुसार खेतीपातीमा जस्तै पशुपालनमा पनि सहयोग पुऱ्याउन सक्छन् । गाईभैँसीलाई चराउने, घाँस काट्ने, खोलेकुँडो दिने आदि कार्यहरूमा केटाकेटीको सहयोगी भूमिका रहन्छ । गोबर सोहोर्ने, दुहुने, गाईभैँसीलाई भित्र बाहिर सार्ने जस्ता कामले पनि परिवारमा सहयोग पुग्छ ।

गाईभैँसीबाट प्रशस्त आर्थिक लाभ लिन सकिन्छ । यसका लागि बजार मागलाई समेत ध्यान दिनु आवश्यक हुन्छ । दुध मात्र बिक्रीवितरण गर्नुभन्दा खुवा, पनिर, घिउ आदि उत्पादन गरेर बजारसम्म पुऱ्याउँदा किसानको आम्दानी बढ्न सक्छ । अचेल दुग्धजन्य वस्तु उत्पादनका लागि आवश्यक पर्ने औजार तथा उपकरण पनि बजारमा सहज रूपमा पाइन थालेका छन् । स्थानीय सरकारले पनि कृषकका लागि तालिमको व्यवस्था गर्ने गरेको छ । कृषि उपजको बजारीकरणमा सहयोग गर्ने गरेको छ । मल्लरानी गाउँपालिकाका किसानहरू खेतीपातीका साथै पशुपालनमा व्यावसायिक हुँदै छन् । केही वर्ष अघिसम्म निर्वाहमुखी काम गर्नेहरू अहिले कृषि पशुपालनबाट आम्दानी बढाइरहेको छन् ।

कृषि तथा पशुपालन मल्लरानी गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधार बनेको छ । यसलाई अझै प्रवर्धन गर्न आवश्यक छ । गाउँपालिकाले कृषिजन्य वस्तु उत्पादनका लागि पकेट क्षेत्र घोषणा गर्नुपर्ने देखिन्छ । उत्पादित वस्तुलाई बजारीकरण गर्ने र बेचबिखनमा सहयोग पुऱ्याउनुपर्ने देखिन्छ । कृषिका लागि योजनाबद्ध काम गरेर स्वरोजगार बढाउनुपर्ने देखिन्छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) मल्लरानी गाउँपालिकाका धेरैजसो जनता कृषिमा आबद्ध छन् । ☐

(ख) मकै, कोदो, धान आदि दलहन उत्पादनका उदाहरण हुन् । ☐

(ग) प्राङ्गारिक मल घरमै उत्पादन गर्न सकिन्छ । ☐

(घ) ऊन उत्पादनका लागि गाईभैँसी पाल्ने गरिन्छ । ☐

(ङ) स्थानीय सरकारले कृषकका लागि तालिमको व्यवस्था गर्छ । ☐

## २ तपाईँले परिवारको पेसा/व्यवसायका बारेमा लेख्नुहोस् :

तपाईँको परिवारको पेसा/व्यवसाय : ..............................................

उक्त पेसाबाट हुने मासिक आम्दानी : रु. ........................................

उक्त पेसा/व्यवसायमा गरिएको लगानी : रु. ........................................

उक्त पेसा/व्यवसायका सजिलापनहरू : ..............................................

: ..............................................

: ..............................................

उक्त पेसा/व्यवसायका समस्याहरू : ..............................................

: ..............................................

: ..............................................

तपाईँले उक्त पेसा/व्यवसायमा गर्ने सहयोगहरू :

: ..............................................

: ..............................................

: ..............................................

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकामा उत्पादन हुने तरकारी के के हुन् ?

(ख) केटाकेटीहरूले कृषि कार्यमा कसरी सहयोग पुऱ्याउँछन् ?

(ग) खेतबारीमा गोबर मल किन प्रयोग गर्नुपर्छ ?

(घ) दुध उत्पादनका लागि कुन कुन जनावर पालिन्छ ?

(ङ) दुग्धजन्य परिकारहरू के के हुन् ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मल्लरानीका धेरैजसो जनता कुन पेसामा आबद्ध छन् ?

(ख) मल्लरानीका उत्पादन हुने मुख्य दलहन के के हुन् ?

(ग) खेतबारीमा किन प्राङ्गारिक मल प्रयोग गर्नुपर्छ ?

(घ) गाईभैँसीलाई कसरी स्याहार गर्नुपर्छ ?

(ङ) मल्लरानीको अर्थतन्त्रको आधार मानिने पेसा कुन हो ?

## ५ केटाकेटीहरूले कृषि कार्यमा कसरी सहयोग गर्न सक्छन् ? उदाहरणसहित कक्षामा सुनाउनुहोस् ।

## ६ तपाईँको परिवारको पेसा/व्यवसायका आधारमा अभिभावकलाई सोधेर दिइएको तालिका भर्नुहोस् :

| पेसा/व्यवसाय | पूर्ण रोजगार | अर्धरोजगार | समस्यहरू |
|---|---|---|---|
| | | | |

## ७ तपाईँको परिवारले अपनाएको पेसा / व्यवसायलाई कसरी आधुनिकीकरण गर्न सकिएला ? अभिभावकसँग कुराकानी गरी कक्षा प्रस्तुति गर्नुहोस् ।

## ८ पन्छीजन्य व्यवसायअन्तर्गत कुन कुन व्यवसाय पर्छन् ? तिनको सूची बनाउनुहोस् ।

## ९ मल्लरानी गाउँपालिकाले कृषि तथा पशुपालनका क्षेत्रमा के के काम गरिरहेको छ भन्ने विषयमा वडा अध्यक्षलाई विद्यालयमा बोलाएर छलफल गर्नुहोस् ।

१० 'मल्लरानीमा कृषिको सम्भावना' शीर्षकमा लेख तयार पारी भित्तेपत्रिकामा टाँस्नुहोस् :

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

११ नजिकैको कृषि उत्पादन सङ्कलन केन्द्रमा जानुहोस् र त्यहाँ सङ्कलन हुने उत्पादनका नाम र मूल्य चार्ट पेपरमा टिपोट गरी कक्षामा टाँस्नुहोस् :

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................


.......................................................................................................................

.......................................................................................................................

पाठ ९

# हाम्रा उद्योग तथा प्रविधिहरू

उद्योग भन्नाले कुनै पनि वस्तुको उच्च परिमाणमा कारखानामा उत्पादित अवस्थालाई बुझ्ने गरिन्छ । उद्योगहरूलाई औद्योगिक, मझौला र साना उद्योगमा वर्गीकरण गर्ने गरिन्छ। त्यसमध्ये साना उद्योगअन्तर्गत स्थानीय स्तरमा सञ्चालित खाद्यान्न, लत्ताकपडा, सिलाइबुनाइ जस्ता उपभोग्य वस्तुका उत्पादनहरू पर्दछन् । साना उद्योगहरू सञ्चालका लागि ठुलो पुँजीको जरुरत पर्दैन । यस्ता उद्योगहरू घरेलु स्तरमा नै सञ्चालन गर्न सकिन्छ। यसका लागि जनशक्ति पनि थोरै भए पुग्छ। स्थानीय स्तरमा उत्पादित वस्तुहरू सामान्यतया स्थानीय बजारमा नै खपत हुन्छन् ।


स्थानीय उत्पादन काठका समानहरू

मल्लरानी गाउँपालिकामा पनि प्रशस्त मात्रामा साना उद्योगहरू सञ्चालित छन् । हामीले मल्लरानीका खलङ्गा, चुँजाठाटी बजारमा ढाकाबाट बनेका टोपी, कोट, साडी, चोलो आदि देखेका छौँ । अल्लोबाट बनेका ज्वारीकोट, टोपी, दरी, डोरी आदि देखेका छौँ । काठका ठेकी भाँडा देखेका छौँ । चुलेसी, हँसिया, कचिया, कोदालो जस्ता फलामद्वारा निर्मित सामान पनि देखेका छौँ । यस्ता दैनिक उपभोग्य वस्तुहरू यही उत्पादन गरिन्छ र यसको बिक्री वितरण पनि यहीँको बजारमा हुने गर्छ। साना उद्योगबाट उत्पादित वस्तुको परिमाण बढाएर बजार विस्तार गर्न सकियो भने आम्दानी पनि बढाउन सकिन्छ। साना उद्योगबाट उत्पादन बढाउनका लागि औजार तथा उपकरणको क्षमता बढाउनुपर्छ । पूँजी वृद्धि

गर्नुपर्छ । उत्पादित वस्तुको गुणस्तरमा ध्यान दिनुपर्छ । बजार मागअनुसार वस्तु उत्पादन गर्नुपर्छ । उदाहरणका लागि अहिले बजारमा अल्लोबाट निर्मित टोपी, कोट आदिको माग बढिरहेको छ । त्यसैले उत्पादनकर्ताले बजार मागलाई ध्यान दिएर उत्पादन बढाउनुपर्छ ।

स्थानीय स्तरबाट उत्पादित वस्तुको बजारीकरण अर्को चुनौती बनेको छ । बजारीकरणका लागि वस्तुको आकर्षक र गुणस्तरीय उत्पादनमा ध्यान दिनु अपरिहार्य हुन्छ । आम प्रचलनका वस्तुभन्दा फरक किसिमका वस्तु उत्पादन गर्नुपर्छ । अवस्था हेरी वस्तुको ढुवानी तथा उपयोगमा समेत सरल र सहज बनाउनेतर्फ ध्यान दिनुपर्छ । उदाहरणका लागि काठका ठेकोको प्रयोगमा कमी आइरहेको छ । यसका सट्टा ठेकी, चौँठी उत्पादनमा प्राथमिक दिनुपर्छ । काठबाट पन्यु, चम्चा, गिलास, डाडु आदिको उत्पादन बढाउनुपर्छ । काठका यस्ता उत्पादनलाई उपहार, चिनो आदिसँग जोड्यो भने यसबाट बजार माग बढ्न सक्छ । बजारीकरणको प्रवर्धनमा पनि टेवा पुग्छ । मल्लरानी गाउँपालिकाका विभिन्न कार्यक्रममा अतिथिहरूलाई अनिवार्य रूपमा मायाको चिनो प्रदान गरिने परम्पराका रूपमा पनि विकास गर्न सकिन्छ । यसरी वस्तु उत्पादन, बजारीकरण, प्रचार प्रसार, प्रवर्धनमा नयाँ शैली र पद्धति अपनाउनुपर्छ ।

प्रविधि भनेको कुनै पनि सामानको उत्पादन तथा निर्माण गर्नका लागि उपयोग गरिने तरिका, औजार, उपकरण आदिलाई बुझिन्छ । विभिन्न आधारमा प्रविधिको वर्गीकरण गर्ने गरिन्छ । विशेष गरी आधुनिक र परम्परागत प्रविधि गरी प्रविधिलाई दुई भागमा वर्गीकरण गर्ने गरिन्छ । आधुनिक प्रविधिहरू दुई भागमा वर्गीकरण गर्ने गरिन्छ । आधुनिक प्रविधिहरू विद्युत् तथा कम्प्युटर प्रणालीमा आधारित हुन्छन् । आधुनिक प्रविधिहरू स्थानीय स्तरमा निर्माण गर्न सकिदैँन । यस किसिमका प्रविधि औद्योगिक स्तरमा निर्मित हुन्छन् । अचेल इन्टरनेटका माध्यमबाट सञ्चालन हुने अत्याधुनिक प्रविधिहरूको समेत विकास भइसकेको छ । अत्याधुनिक प्रविधिको उपायोग गर्न दक्ष जनशक्तिको जरुरत पर्दछ । परम्परागत प्रविधिहरू स्थानीय वस्तुहरूद्वारा स्थानीय स्तरमा नै निर्माण गरिन्छ । हाम्रो जीवनशैली परम्परागत प्रविधिमा आधारित छ । तेल पेल्ने साल, पानी घट्ट, ढिकी आदि परम्परागत प्रविधिका उदाहरण हुन् ।

प्रविधिमा आएको विकासका कारण हाम्रा कतिपय परम्परागत प्रविधि लोप हुने अवस्थामा पुगेका छन् । जस्तै : अचेल काठद्वारा निर्मित तेल पेल्ने कोल, ढिकी, जाँतो आदिको प्रयोग हुन छोडेको छ । यस्ता प्रविधिलाई भावी पुस्ताले पनि देख्न पाउन् भनेर स्थानीय सङ्ग्रहालयमा सुरक्षित राख्न सकिन्छ । पानी घट्टलाई नयाँ तरिकाद्वारा सञ्चालनमा ल्याउन सकिन्छ । काठको डुँडको सट्टाम पाइप प्रयोग गर्ने, काठका औजारका सट्टामा फलामका औजार प्रयोग गर्ने जस्ता काम गरी पानी घट्टलाई व्यवस्थित गर्न सकिन्छ । यसरी परम्परागत प्रविधिलाई नयाँपन दिन सकिन्छ । आरन पनि परम्परागत प्रविधिअन्तर्गत पर्दछ । आरनमा गोल वा कोइलाको सट्टा विद्युत् प्रयोग गर्न सकिन्छ । यसबाट वन र वातावरणको सुरक्षा हुन्छ । आरनमा प्रयोग गरिने खलाँती, घन आदिका सट्टामा नयाँ किसिमका उपकरण प्रयोग गर्न सकिन्छ । यसो गर्दा काम गर्न सजिलो र उत्पादन पनि बढाउन सकिन्छ ।


स्थानीय पानी घट्ट

वर्तमान अवस्थामा स्थानीय प्रविधिलाई परम्परागत रूपमै प्रयोग गर्ने वा रूपान्तरण गरी प्रयोग गर्ने परिस्थिति रहेको देखिन्छ । पहिले पहिले जसरी स्थानीय प्रविधिको प्रयोग गरिन्थ्यो । अहिले पनि त्यसरी नै प्रयोग गरिनु यथास्थितिमा प्रयोग गर्दा उत्पादन बढाउन सकिँदैन । यसलाई केवल घरायसी स्तरमा मात्र सीमित प्रयोग गर्न सकिन्छ । पहिले पहिले जसरी स्थानीय प्रविधिको प्रयोग गरिन्थ्यो अहिले त्यसलाई फेरबदल गरेर प्रयोग गरिनु चाहिँ स्थानीय प्रविधिको रूपान्तरण हो । स्थानीय प्रविधिको रूपान्तरण गरेर उत्पादन बढाउन सकिन्छ ।

# अभ्यास

**१ खाली ठाउँ भर्नुहोस् :**

(क) साना उद्योग ................ स्तरमा सञ्चालन गरिन्छ ।

(ख) साना उद्योगबाट उत्पादन बढाउन ........... को क्षमता बढाउनुपर्छ ।

(ग) स्थानीय स्तरबाट उत्पादित वस्तुको ................ चुनौती बनेको छ ।

(घ) आधुनिक र ........... गरी प्रविधिलाई वर्गीकरण गरिन्छ ।

(ङ) परम्परागत प्रविधिलाई .................. गरी उत्पादन बढाउन सकिन्छ ।

**२ तपाईँको वरिपरि भएका प्रविधिका बारेमा लेख्नुहोस् :**

स्थानीय प्रविधिको नाम : ................................................

उक्त प्रविधिमा प्रयोग गरिने सामान : ................................................

उक्त प्रविधिमा उत्पादन गरिने वस्तु : ................................................

उक्त प्रविधि निर्माण गर्ने तरिका : ................................................

: ................................................

: ................................................

उक्त प्रविधि रूपान्तरण भए नभएको : ................................................

उक्त प्रविधिलाई रूपान्तरण गर्नुपर्ने कारण : ................................................

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) उद्योग भन्नाले के बुझिन्छ ?

(ख) घरेलु उद्योग कुन उद्योगअन्तर्गत पर्छ ?

(ग) आरनमा के के वस्तु उत्पादन गरिन्छ ?

(घ) स्थानीय प्रविधि भन्नाले के बुझिन्छ ?

(ङ) परम्परागत प्रविधिलाई किन रूपान्तरण गर्नुपर्छ ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कुन उद्योगमा थोरै जनशक्ति भए पुग्छ ?

(ख) ढाकाबाट के के बनाउन सकिन्छ ?

(ग) साना उद्योगबाट कसरी उत्पादन बढाउन सकिन्छ ?

(घ) स्थानीय प्रविधिका तीनओटा उदाहरण लेख्नुहोस् ।

(ङ) आरनलाई किन रूपान्तरण गर्नु आवश्यक छ ?

## ५ चित्र वर्णन गर्नुहोस् :



**६** दिइएको तालिका भर्नुहोस् :

| क्र.सं. | स्थानीय प्रविधिको नाम | उत्पादित वस्तु | बजार माग बढी भएको वस्तु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**७** स्थानीय प्रविधिको प्रवर्धन कसरी बढाउन सकिएला ? समूहमा छलफल गरी कक्षा प्रस्तुति गर्नुहोस् ।

**८** आधुनिक प्रविधि र स्थानीय परम्परागत प्रविधिबिच समूह समूहमा छलफल गरी भिन्नता टिपोट गरी कक्षा प्रस्तुति गर्नुहोस् ।

**९** स्थानीय ढाका उद्योग सञ्चालनलाई विद्यालयमा आमन्त्रण गरी ढाका कपडाको उत्पादन र बजारीकरणका सन्दर्भमा अन्तरक्रिया गर्नुहोस् ।


**१०** स्थानीय प्रविधिको रूपान्तरणका लागि मल्लरानी गाउँपालिकाका अध्यक्षलाई कक्षागत रूपमा लिखित सुझाव दिनुहोस् ।

**११** तपाईँको गाउँपालिकामा भएका स्थानीय प्रविधिमध्ये व्यावसायीकरण बढिरहेको कुनै प्रविधिका परम्परागत अवस्था, रूपान्तरित अवस्था र उत्पादित वस्तुको बजारीकरणमा सुझावसमेतका पक्षमा आधारित भई समुदायमा अन्तरक्रिया सञ्चालन गर्नुहोस् ।

# एकाइ ५ मल्लरानीमा योगदान दिने व्यक्ति तथा संस्थाहरू

## पूर्व पठन


१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



प्यूठान क्याम्पस




रेडियो स्टेसन



भानुभक्त माध्यमिक विद्यालय

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाका बारेमा छलफल गर्नुहोस् ।

(ख) मल्लरानी गाउँपालिकामा कुन कुन संस्थाले सञ्चार सेवा प्रदान गरिरहेका छन् ?

पाठ ९

# मल्लरानीको शैक्षिक अवस्था

मल्लरानी गाउँपालिकामा विद्यालयदेखि विश्वविद्यालय तहसम्मको पठनपाठन हुन्छ । विद्यालयतहमा आधारभूत तहका प्रारम्भिक बालकक्षादेखि माध्यमिक तहसम्म पठनपाठन हुन्छ । हाम्रो गाउँपालिका आधारभूत तहमा समान किसिमका विद्यालयहरू सञ्चालित छन् । माध्यमिक तहमा साधारण धार र प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालित छन् । तीमध्ये ७ ओटा साधारण धारतर्फका विद्यालय र प्राविधिक विषय पढाइ हुने एउटा मात्र भानुभक्त मा.वि. ववौटमा साधारण र प्राविधिक सञ्चालित छ । यस विद्यालयमा प्राविधिक धारतर्फको बाली विज्ञान विषय कक्षा ९ देखि कक्षा १२ सम्म पढाइ हुन्छ । मल्लरानी गाउँपालिकाको महेन्द्र मा.वि. मा विशेष शिक्षाअन्र्तगत दृष्टिविहिन कक्षा सञ्चालनमा रहेको छ ।



भानुभक्त माध्यमिक विद्यालय


मल्लरानी गाउँपालिकाका बालबालिकाहरू उमेर पुगेपछि विद्यालयमा भर्ना भएर अध्ययन गर्छन् । गाउँपालिकाका गरिब, दलित तथा छात्राहरूलाई माध्यमिक तहसम्म नि:शुल्क

शिक्षाको व्यवस्था छ । आधारभूत तहको ६ कक्षासम्म निःशुल्क दिवा खाजाको व्यवस्था छ । गाउँपालिकाले गुणस्तरीय शिक्षा प्रदानका लागि सबै विद्यालयमा इन्टरनेट तथा कम्प्युटरको व्यवस्था गरेको छ । गाउँपालिकामा विद्यालय जाने उमेरका बालबालिकाको भर्ना शतप्रतिशत र विद्यालय छोड्ने दर शून्य रहेको छ । शिक्षासम्बन्धी यो तथ्याङ्कले गाउँपालिकाको शैक्षिक अवस्था सन्तोषजनक रहेको देखिन्छ । विद्यार्थी तथा शिक्षकहरूको नियमितका कारण पालिकाको शैक्षिक उपलब्धि सन्तोषजनक छ । मल्लरानी गाउँपालिकाले शैक्षिक उपलब्धि वृद्धिका लागि गाउँ शिक्षा योजना, शैक्षिक सुधार, कार्यदल निमार्ण र पालिका स्तरीय अतिरिक्त क्रियाकलाप लगायतका कार्यक्रमहरू लागु गरेको छ ।

मल्लरानी गाउँपालिकाको ३ नं. वडामा सञ्चालित एक मात्र प्राविधिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकाले भौतिक पूर्वाधार दक्ष जनशक्ति व्यवस्थापनमा सहयोग पुऱ्याएको छ । विद्यार्थीहरूलाई प्राविधिक धारतर्फ आकर्षण बढाउन छात्रवृत्तिका कार्यक्रम सञ्चालन गरेको छ ।

मल्लरानी गाउँपालिकामा प्यूठान क्याम्पस सञ्चालित हुनु अर्को सुखद पक्ष हो । यस क्याम्पसको स्थानमा वि.सं. २०६४ भदौ १९ गते भएको हो । यो क्याम्पसले त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त गरेको हो । यहाँ मानविकी, व्यवस्थापन तथा शिक्षा शास्त्र सङ्काय विषयहरू अध्यापन गरिन्छ । प्यूठान क्याम्पस समुदायस्तरबाट सञ्चालित सामुदायिक क्याम्पस हो । क्याम्पसलाई मल्लरानी गाउँपालिका, लुम्बिनी प्रदेश तथा विश्वविद्यालय अनुदान आयोगबाट आर्थिक सहयोग उपलब्ध हुन्छ । क्याम्पसको सुविधा सम्पन्न भवनमा पुस्तकालय, प्रशासनिक कक्ष, कक्षाकोठाहरू सञ्चालित छन् ।

प्यूठान क्याम्पसका संस्थापक अध्यक्ष मल्लरानी गाउँपालिका वडा नं. ४ निवासी शिवराज श्रेष्ठ हुनुहुन्छ । त्यसैगरी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख मल्लरानी गाउँपालिका वडा नं. ४ निवासी अष्टकुमार श्रेष्ठ हुनुहुन्छ । स्थानीय अग्रज बुद्धिजीवी तथा शिक्षाप्रेमीहरूको सक्रियतामा स्थापित यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू मुलुकको शिक्षा प्रशासन राजनीतिक तथा गैर सरकारी सेवामा पुग्नु गौरवको विषय हो ।




प्यूठान क्याम्पस

प्यूठान क्याम्पसले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधियुक्त कक्षाकोठाको व्यवस्था गरेको छ। कक्षाकोठामा इन्टरनेट, डिजिटल बोर्डको व्यवस्था छ। पुस्तकालयमा विषयसँग सम्बन्धित तथा अतिरिक्त पुस्तकहरू उपलब्ध छन्। क्याम्पसले नियमित रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सकारात्मक भूमिका खेलेको छ। त्यसैगरी क्याम्पसमा पठनपाठन हुने सङ्काय तथा विषयअनुसार क्षेत्र भ्रमण, शैक्षिक भ्रमण तथा प्रयोगात्मक कार्यहरू गराइन्छ। एकाइ परीक्षा, त्रमासिक परीक्षा तथा पूर्व योग्यता परीक्षाहरू सञ्चालन गरिन्छ।

क्याम्पसको प्रशासनिक तथा शैक्षिक कार्य सञ्चालनका लागि क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा कर्मचारीहरूको व्यवस्था गरिएको छ। क्याम्पसको सर्वोच्च निकायका रूपमा क्याम्पस सभा रहेको छ। वार्षिक रूपमा क्याम्पस सभा सञ्चालन गरिन्छ। प्रत्येक ३ – ३ वर्षमा क्याम्पस सञ्चालन समिति गठन गरिन्छ। प्यूठान क्याम्पस मल्लरानी गाउँपालिकाको गौरव हो।

# अभ्यास

**१ ठिक बेठिक छुट्याउनुहोस् :**

(क) मल्लरानी गाउँपालिकामा विद्यालय तहसम्मको पढाइ हुन्छ ।

(ख) मल्लरानी गाउँपालिकामा प्राविधिक धारतर्फको एउटा मात्र विद्यालय छ ।

(ग) मल्लरानी गाउँपालिकामा सबै विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ ।

(घ) प्यूठान क्याम्पसमा सुविधा सम्पन्न भवन छैन ।

(ङ) प्यूठान क्याम्पस गाउँपालिकाको गौरव हो ।

**२ तपाईँ अध्ययनरत विद्यालयका बारेमा लेख्नुहोस् :**

विद्यालयको नाम : ..............................................................................

विद्यालयको ठेगाना : ..............................................................................

विद्यार्थी सङ्ख्या : ..............................................................................

शिक्षक सङ्ख्या : ..............................................................................

भवन सङ्ख्या : ..............................................................................

इन्टरनेटको व्यवस्था : ..............................................................................

पुस्तकालय : ..............................................................................

कम्प्युटर प्रयोगशाला : ..............................................................................

विद्यालयमा सुधार गर्नुपर्ने पक्ष : ...............................................................

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकामा कतिओटा माध्यमिक विद्यालय छन् ?

(ख) मल्लरानी गाउँपालिकाको शैक्षिक अवस्था कस्तो छ ?

(ग) प्यूठान क्याम्पस कहिले स्थापना भएको हो ?

(घ) प्यूठान क्याम्पस भवन कस्तो छ ?

(ङ) भानुभक्त प्राविधिक मा.वि. मा कुन विषयको पढाइ हुन्छ ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मल्लरानी गाउँपालिकामा कुन तहसम्म पढाइन्छ ?

(ख) मल्लरानी गाउँपालिकामा सञ्चालित क्याम्पसको नाम के हो ?

(ग) गुणस्तरीय शिक्षाको लागि गाउँपालिकाले कस्तो कार्यक्रम सञ्चालन गरेको छ ?

(घ) प्यूठान क्याम्पसले कसरी विद्यार्थीको सार्वजनिक विकास गरेको छ ?

(ङ) प्यूठान क्याम्पसलाई किन मल्लरानीको गौरव मानिन्छ ?

## ५ तपाईँ अध्ययनरत विद्यालयको चित्र बनाई कक्षामा टाँस्नुहोस् ।

६ विद्यालयको शैक्षिक गतिविधिलाई अझै सशक्त बनाउन के गर्नुपर्ला ? विद्यालय व्यवस्थापन समिति तथा तथा शिक्षकसहित अन्तरक्रिया गर्नुहोस् ।

७ तपाईँको विद्यालयमा कक्षा ८ सम्म अध्ययन गर्ने विद्यार्थीलाई कस्ता कस्ता सुविधा प्रदान गरिन्छ ? प्रधानाध्यापकसँग सोधेर सूची बनाउनुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

८ प्यूठान क्याम्पसको भ्रमण गरी त्यहाँ अध्यापन हुने सङ्काय तथा विषयहरूको सूची बनाई कक्षामा प्रस्तुति गर्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

पाठ ९

# सामाजिक विकासका आधारहरू

कुनै पनि समाजको आर्थिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक अवस्थामा एकाएक परिवर्तन आउँदैन । यस्ता परिवर्तनमा विभिन्न सङ्घसंस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ । सङ्घसंस्थाले समाज रूपान्तरणमा संवाहकको भूमिका निर्वाह गरेका हुन्छन् । मल्लरानी गाउँपालिकाको वर्तमान सामाजिक अवस्था निर्माण गर्न एफ.एम रेडियो, वन महासङ्घ जस्ता सङ्घसंस्थाको उल्लेखनीय योगदान रहेको छ ।

मल्लरानी गाउँपालिका स्थित खलङ्गा – ४ वडामा रेडियो माण्डवी, रेडियो प्यूठान, रेडियो कृपालु र रेडियो महिला आवाज गरी ४ ओटा एफ.एम. सञ्चालित छन् । रेडियो माण्डवी एफ. एम. स्थापनाका लागि विभिन्न व्यक्तिहरूको योगदान रहेको छ । २०६३/०५/२४ मा स्थापित यो एफ.एम. रेडियो स्थापना कालदेखि हालसम्म निरन्तर सञ्चालनमा रहेको



एफ. एम. रेडियोको टावर

छ । यस एफ.एम. रेडियोबाट समाचारमूलक, मनोरञ्जनात्मक, शैक्षिक, सांस्कृतिक आदि किसिमका कार्यक्रमहरू सञ्चालन गरिन्छ । रेडियो समाचारमूलक कार्यक्रम हो । यो मनोरञ्जनात्मक कार्यक्रम हो । यो कार्यक्रम शैक्षिक तथा सामाजिक, सांस्कृतिक कार्यक्रमअन्तर्गत पर्दछ । यो रेडियो बिहान ५ बजेदेखि बेलुकी १० बजेसम्म बज्दछ । रेडियोमा स्थानीय स्तरमा घटना, समाचार, संस्कृति जस्ता गतिविधिदेखि प्रदेश तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका समाचार र गतिविधि सम्प्रेषण गरिन्छन् ।

पालिका स्थित विभिन्न एफ.एम. रेडियोका माध्यमबाट यहाँका जनताको चेतना अभिवृद्धिमा मदत पुगेको छ । स्थानीय लोकगीत, भजन तथा लोक साहित्यको संरक्षणमा टेवा पुगेको छ । गाउँपालिकामा हुनुपर्ने संस्थागत तथा व्यक्तिगत सूचना सम्प्रेषणमा सहज भएको छ । विद्यार्थीहरूले रेडियोका माध्यमबाट आफ्नो पढाइलेखाइलाई निरन्तरता दिएका छन् । भूकम्प, कोभिड १९ जस्ता विपत्तिका समयमा खाद्यान्न, लत्ताकपडा, उपचारका सामग्री आदिको वितरण समय र स्थान आदिका बारेमा जानकारी दिन एफ.एम. रेडियोको भूमिका सक्रिय रहेको हामीले महसुस गऱ्यौँ । त्यसैगरी जन्म, मृत्यु, विवाह, बसाइँ सराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना दर्ता गर्नका लागि पनि एफ.एम. रेडियोको भूमिका महत्त्वपूर्ण रहेको छ ।

मल्लरानी गाउँपालिकामा वन महासङ्घले पनि आफ्ना कार्यक्रम सञ्चालन गरेको छ । वन महासङ्घले वृक्षरोपणका लागि नर्सरी स्थापना गर्ने, वृक्षरोपण गर्ने, वनजङ्गलको सुरक्षाका लागि समुदायमा जनचेतना फैलाउने जस्ता गतिविधिहरू गर्दै आएको छ । केही वर्षअघिसम्म नाङ्गा देखिएका डाँडापाखा अहिले हरियाली भएका छन् । वनजङ्गलमा वन्यजन्तु तथा चराचुरुङ्गी बढेका छन् । बाढी, पहिरो तथा भूक्षयको समस्या न्यूनीकरणमा टेवा पुगेको छ । मानिसहरूले जथाभावी जङ्गल फँडानी गर्न छोडेको छन् । वन्यजन्तुको चोरी सिकार न्युन छ ।



वन महासङ्घको वृक्षरोपण

२०५४/१२/२६ सालदेखि मल्लरानीमा वन महासङ्घले आफ्नो कार्यक्रम सशक्त रूपमा लागु गरेको छ । यसरी वन महासङ्घका कारण वातावरणीय क्षेत्रमा उल्लेख्य योगदान पुगेको छ । वनजङ्गल र वन्यजन्तुको संरक्षणका लागि समुदायिक गतिविधि बढेको छ ।

## अभ्यास

### १ खाली ठाउँ भर्नुहोस् :

(क) मल्लरानी गाउँपालिकामा एफ. एम. रेडियो ........................... सालमा स्थापना भएको हो ।

(ख) ................... एफ.एम. बाट प्रसारण हुने समाचारमूलक कार्यक्रम हो ।

(ग) विद्यार्थीले रेडियोका माध्यमबाट ................ लाई निरन्तरता दिन सक्छन् ।

(घ) वन महासङ्घले वृक्षरोपणका लागि ................... स्थापना गरेको छ ।

(ङ) मानिसहरूले .................... जङ्गल फँडानी गर्न छाडेका छन् ।

## २ मल्लरानी गाउँपालिकाको सामाजिक विकासमा योगदान पुऱ्याएको कुनै संस्थाका बारेमा लेख्नुहोस् :

संस्थाको नाम : ..............................................................................

स्थापना : ..............................................................................

प्रमुख कार्यहरू : ..............................................................................

कार्य क्षेत्र : ..............................................................................

तत्कालीन अवस्था : ..............................................................................

संस्थाको स्थापनापछिको अवस्था : ..........................................................

संस्थाको लागि तपाईंको सुझाव : ..........................................................

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) सङ्घसंस्थाले समाज रूपान्तरणमा कस्तो भूमिका खेलेका हुन्छन् ?

(ख) माण्डवी एफ. एम. रेडियोको स्थापना कहिले भएको हो ?

(ग) रेडियोबाट प्रसारित सांस्कृतिक कार्यक्रमको नाम भन्नुहोस् ।

(घ) वन्यजन्तुको चोरी सिकार किन न्युन भएको हो ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) एफ. एम. ले कस्ता कस्ता कार्यक्रमहरू प्रसारण गर्छ ?

(ख) एफ. एम. रेडियोले जनतालाई कसरी सुसुचित गराउँछ ?

(ग) मल्लरानी गाउँपालिकामा वन महासङ्घले गरेका मुख्य तीन कार्यहरू लेख्नुहोस् ।

**५** वन महासङ्घका प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी अन्तरक्रिया गर्नुहोस् ।

**६** 'प्रभावकारी सूचना सम्प्रेषणका लागि एफ. एम. रेडियो' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

**७** मल्लरानी गाउँपालिकामा स्थापित सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुनै सङ्घसंस्थाका बारेमा लेख तयार पार्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................


..........................................................................................................

..........................................................................................................

पाठ ३

# मल्लरानीको स्वास्थ्य सेवा

मल्लरानी गाउँपालिकामा स्थानीय सरकारको मातहतमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ तथा स्वास्थ्य केन्द्रहरू सञ्चालनमा छन् । गाउँपालिकाका जनताका लागि अत्यावश्यक औषधी, मानव संसाधन, पूर्वाधार तथा उपकरणको व्यवस्था गर्ने स्थानीय सरकारले आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँचका लागि आवश्यक कार्यक्रम बनाई लागु गर्नुपर्छ । प्राकृतिक प्रकोप तथा विपत्को समयमा आधारभूत स्वास्थ सेवा सुनिश्चित गर्नुपर्छ । सामाजिक स्वास्थ्य सुरक्षामा सेवा सुनिश्चित गर्नुपर्छ । सामाजिक स्वास्थ्य सुरक्षामा गरिब तथा विपन्न वर्ग पहिचान गरी स्वास्थ्य कार्यक्रममा सहभागी गराई स्वास्थ्य सेवामा पहुँच बढाउनुपर्छ । यसका साथै स्थानीय सरकारले प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा नियमन गर्नुपर्छ ।



खलङ्गा प्राथमिक रुवास्थ्य केन्द्र

नेपालको संविधान २०७२ को धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था छ । जसअनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्ने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारका सम्बन्धमा जानकारी पाउने हक सुनिश्चित गरिएको छ । संविधानमा उल्लेख भएका यी हकलाई मल्लरानी गाउँपालिकाले आत्मसात गर्दै जनतालाई आधार भूत स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ ।


जेष्ठ नागरिकहरूको स्वास्थ्य चेक गर्दै

भूगोल र जनसङ्ख्याका आधारमा मल्लरानी गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा एउटादेखि बढीमा दुईओटासम्म आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा छन् । मल्लरानी गाउँपालिका वडा नं. ३ चुँजाठाँटीमा घरमपानी स्वास्थ्य चौकी र वडा नं. ३ कै निशान टाकुरामा निशान टाकुरा सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा छन् । त्यसैगरी वडा नं. ५ खैरामा, खैरा स्वास्थ्य चौकी र वडा नं. ५ कै सराङ्कोटमा सहरी स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा छन् ।

स्वास्थ्य संस्थाको स्तरअनुरुप आधारभूत स्वास्थ्य सेवाहरू फरक हुन सक्छन् । मल्लरानी गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा नवजात शिशुहरूका लागि खोप, परिवार नियोजनका साधन तथा सुत्केरी सेवालाई निःशुल्क सेवा प्रदान गरिन्छ । आधारभूत स्वास्थ्य सेवाअन्तर्गत बाल स्वास्थ्य, मातृस्वास्थ्य, पोषण सेवा तथा रोग नियन्त्रण जस्ता सेवाहरू उपलब्ध छन् । गाउँपालिकालिकाले यस किसिमका ३१ ओटा सेवालाई जनसमक्ष निःशुल्क उपलब्ध गराउँदै आएको छ ।

# अभ्यास

## १ खाली ठाउँ भर्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाले ............ स्वास्थ्य सेवा प्रदान गर्छ ।

(ख) स्वास्थ्य संस्थाबाट .................. औषधी निःशुल्क उपलब्ध हुन्छ ।

(ग) मल्लरानीका प्रत्येक वडामा ............... ओटासम्म स्वास्थ्य सेवा प्रदान गर्ने संस्था छन् ।

(घ) ......................... स्थानमा सहरी स्वास्थ्य सेवा केन्द्र सञ्चालित छ ।

## २ तपाईँ बसोबास गर्ने वडामा सञ्चालित स्वास्थ्य संस्थाको बारेमा लेख्नुहोस् :

स्वास्थ्य संस्थाको नाम : ..........................................................................

स्थान : .................................................................................................

गाउँघर क्लिनिक सञ्चालन हुने मिति : ..................................................

गाउँघर क्लिनिक सञ्चालन हुने स्थान : ..................................................

खोप क्लिनिक सञ्चालन हुने मिति : ..................................................

खोप क्लिनिक सञ्चालन हुने स्थान : ..................................................

उक्त स्वास्थ्य संस्थामा रहेको जनशक्ति : ..................................................

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) कसको मातहतमा स्वास्थ्य सेवा सञ्चालित छ ?

(ख) मल्लरानी गाउँपालिकामा कतिओटा स्वास्थ्य प्रदायक संस्था छन् ?

(ग) आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउने दायित्व कसको हो ?

(घ) मल्लरानी गाउँपालिकाले कसरी आधारभूत स्वास्थ्य सेवा प्रदान गरेको छ ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) स्वास्थ्य सेवासम्बन्धी स्थानीय सरकारका कुनै तीनओटा दायित्व लेख्नुहोस् ।

(ख) नेपालको संविधान २०७२ को कुन धारमा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था छ :

(ग) प्रत्येक व्यक्तिलाई के जानकारी पाउने हक हुने छ ?

(घ) मल्लरानी गाउँपालिकाका कुन कुन वडामा एउटा मात्र स्वास्थ्य संस्था सञ्चालित छन् ?

## ५ प्राथमिक स्वास्थ्य केन्द्र खलङ्गाको स्थलगत भ्रमण गरी त्यहाँबाट उपलब्ध हुने स्वास्थ्य सेवा टिपोट गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

**६** तपाईँ अध्ययन गर्ने विद्यालय रहेको वडामा सञ्चालित स्वास्थ्य संस्थाका प्रमुखलाई विद्यालयमा आमन्त्रण गरी स्वास्थ्य संस्थाका मुख्य मुख्य कामका विषयमा छलफल गर्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................


..........................................................................................

**७** प्राथमिक स्वास्थ्य सेवा झल्काउने गरी चित्र बनाउनुहोस् ।

# एकाइ ६ विपत् व्यवस्थापन तथा सुरक्षित विद्यालय

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



स्थानीय स्तरमा गएको पहिरो



आँधीहुरीले घरको छाना उडाएको



भूकम्पले क्षति पुऱ्याएको घर



सडक दुर्घटना

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) विपत् भन्नाले के बुझिन्छ ?

(ख) विपत् न्यूनीकरणका लागि स्थानीय सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्ला ?

पाठ ९

# प्राकृतिक तथा मानवीय विपत्

विपत् भन्नाले सङ्कटपूर्ण अवस्थालाई बुझिन्छ । हामीले भूकम्प, बाढी, पहिरो, आँधीहुरी आदिका कारण मानवीय क्षति भएको देखेका छौँ । यस किसिमका प्रकोपले आर्थिक क्षति भएको पनि देखेका छौँ । प्रकोपका कारण जनजीवनमा भयावह



भूकम्पीय क्षति न्यूनीकरणसम्बन्धी तालिम

त्रास फैलिएर अस्तव्यस्त भएको हुन्छ । मानवलाई विपत्पूर्ण अवस्थामा पुऱ्याएको हुन्छ । प्रकृतिबाट सिर्जित यस्ता प्रकोपलाई प्राकृतिक विपद भनिन्छ । प्रकृतिमा प्राकृतिक गतिविधिहरू चलिरहेको हुन्छन् । बरु मानवीय असावधानी, कमजोर भौतिक संरचना तथा पूर्व ज्ञानको अभावले प्राकृतिक विपत्बाट मानवीय तथा आर्थिक क्षति भएको हुन्छ । त्यसैले प्राकृतिक विपत्बाट हुने क्षतिको दोष मानवलाई नै जाने गर्छ । उदाहरणका लागि भूकम्प जानु प्राकृतिक कारण हो । घर, विद्यालय, पुल आदि संरचना कमजोर हुनु मानवीय त्रुटि हो । तसर्थ हाम्रा भौतिक पूर्वाधार भूकम्पीय दृष्टिले संरक्षित हुनुपर्छ । भूकम्प कुनै पूर्व सूचना दिएर आउँदैन । त्यसैले यससम्बन्धी प्रकोपलाई न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । भूकम्पीय प्रकोप न्यूनीकरण तालिमका क्रममा तीनओटा अवधारणामा केन्द्रित हुनुपर्छ । पहिलो चरण भूकम्प जानुभन्दा पहिलाको अवस्था हो । यस चरणमा भौतिक संरचना मजबुद बनाउने, समुदायस्तरमा अभ्यास गराउने जस्ता कार्यक्रमहरू पर्छन् । दोस्रो चरण भूकम्प गइरहेको अवस्था हो । यस चरणमा कुद्ने, भाग्ने जस्ता गतिविधि नगरी आफू रहेकै स्थानमा सुरक्षित तवरले धैर्यपूर्वक बस्नुपर्छ । तेस्रो चरण चाहिँ भूकम्प गइसकेपछिको अवस्था

हो । यस चरणमा सुरक्षित स्थानमा जाने, अस्थायी बसोबासको व्यवस्था मिलाउने जस्ता कुरामा सक्रिय हुनुपर्छ ।

माथि उल्लेख भएको उदाहरण भूकम्पीय प्रकोप न्यूनीकरणसँग सम्बन्धित छ । अब हामी आफू बसोबास गर्ने स्थान वरिपरि हुन सक्ने प्राकृतिक विपत्मा स्पष्ट हुनुपर्छ । उक्त प्राकृतिक प्रकोप आउन सक्ने समय वा मौसमका बारेमा जानकार हुनुपर्छ । अवस्था हेरी प्राकृतिक प्रकोप बढ्ने कारण र त्यसबाट हुन सक्ने क्षति न्यूनीकरणका उपायमा केन्द्रित हुनुपर्छ । प्राकृतिक विपत्सम्बन्धी एकै किसिमको धारणा र अभ्यासले काम गर्दैन भन्ने कुरामा पनि हामी स्पष्ट हुनुपर्छ । सोअनुसार पूर्व तयारी तथा सावधानी अपनाएर क्षति न्यूनीकरण गर्नुपर्छ ।

विद्यार्थी भाइबहिनीहरू ! तपाईँहरूले डढेलो, आगलागी वा सडक दुर्घटना भएको त अवश्य पनि देख्नुभएको छ । यस्ता खालका विपत् चाहिँ प्राकृतिक होइनन् । मानवीय असावधानी वा त्रुटिका कारण हुने विपत्लाई अप्राकृतिक विपत् भन्ने गरिन्छ । मानिसले सावधानी अपनाएमा अप्राकृतिक विपत्लाई पूर्ण रूपमा न्यूनीकरण गर्न सकिन्छ । उदाहरणका लागि केटाकेटीले भेट्टाउने गरी सलाई, लाइटर नराख्ने, गर्मी मौसममा आगाको सुरक्षामा ध्यान दिने जस्ता काम गरेर आगलागीबाट बच्न सकिन्छ ।


सडक दुर्घटना

दैनिक काम वा पेसा व्यवसायसँग सम्बन्धित कार्य सम्पन्न गर्ने अवस्थामा दुर्घटनाहरू हुन सक्छन् । कामको प्रकृतिअनुसार दुर्घटनाबाट व्यक्तिगत तथा सामूहिक नोक्सानी हुन सक्छ । मानवीय तथा आर्थिक क्षति हुन सक्छ । मानवीय तथा आर्थिक क्षति हुन सक्छ । यो विषयलाई सरोकारवाला निकायले विशेष ध्यान दिनु आवश्यक हुनु । उदाहरणका लागि सडक दुर्घटनाका सन्दर्भमा छलफल गरौँ ।

सडक दुर्घटनालाई न्यूनीकरण गर्न सडक व्यवस्थित हुनुपर्छ । चालकले सवारी चालन अनुमती पत्र पाएको हुनुपर्छ । मोटरगाडीका उपकरण चुस्तदुरुस्त हुनुपर्छ । यात्रुहरूले पनि कस्तो अवस्थामा मोटर चढ्ने वा ओर्लने भन्ने कुरामा सचेत रहनुपर्छ । सडक प्रयोगकर्ताले आआफ्नो परिस्थितिअनुसार ट्राफिक नियम पालना गर्नुपर्छ । सडक दुर्घटना न्यूनीकरणका लागि धेरै पक्ष जिम्मेवार रहनुपर्छ ।



प्राकृतिक प्रकोपमा उद्धार भइरहेको

विपत् न्यूनीकरणका लागि स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ । स्थानीय सरकारले समुदाय तथा विद्यालयमा विपत् न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रम लागु गर्नुपर्छ । पूर्व तयारी र अभ्याससम्बन्धी तालिमको व्यवस्था गर्नुपर्छ । उद्धारका लागि सामग्री र जनशक्तिको व्यवस्था गर्नुपर्छ । रेडक्रस, लाइन्स क्लब जस्ता सहयोगी संस्थासँग समन्वय गर्नुपर्छ ।

विपत्ले जनताको घरबास उठाएको अवस्थामा खाद्यान्न तथा लत्ताकपडा जस्ता आधार भूत वस्तु उपलब्ध गराउनुपर्छ । अस्थायी आवासको व्यवस्था गर्नुपर्छ । मानवीय कारणले हुने विपत्मा पनि स्थानीय सरकारले सचेतना, तालिम, अभ्यास आदिको प्रबन्ध गर्नुपर्छ । पीडित व्यक्ति वा समुदायलाई आवश्यक सरसहयोग गर्नुपर्छ ।

# अभ्यास

## १ खाली ठाउँ भर्नुहोस् :

(क) विपत् भन्नाले ................................ अवस्थालाई बुझिन्छ ?

(ख) विपत्बाट ........................... क्षति हुन्छ ।

(ग) ....................... प्राकृतिक विपत्को उदाहरण हो ।

(घ) स्थानीय सरकारले उद्धारका लागि .................... को व्यवस्था गर्नुपर्छ ।

## २ तपाईँको बसोबास गर्ने स्थानमा भएको कुनै प्राकृतिक विपत्का बारेमा लेख्नुहोस् :

विपत्को नाम : ..................................................................

घटना घटेको समय : ..................................................................

पूर्व तयारी भए नभएको : ..................................................................

क्षतिको विवरण : ..................................................................

: ..................................................................

स्थानीय सरकारको भूमिका : ..................................................................

: ..................................................................

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) प्राकृतिक विपत्को प्रमुख कारण के हो ?

(ख) भूकम्पको क्षति न्यूनीकरण कसरी गर्न सकिन्छ ?

(ग) किन मानवीय प्रकोपको प्रमुख कारण मानिसलाई मानिन्छ ?

(घ) मानवीय प्रकोपको तीनओटा उदाहरण भन्नुहोस् ।

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्राकृतिक विपत्तिलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ?

(ख) भूकम्पीय प्रकोप न्यूनीकरणका अवधारणाहरू के के हुन् ?

(ग) मौसमसम्बन्धी प्रकोपका तीनओटा उदाहरण लेख्नुहोस् ।

(घ) स्थानीय सरकारले विपत् व्यवस्थापनमा कसरी सहयोग पुऱ्याउन सक्छ ?

## ५ चित्र वर्णन गर्नुहोस् :



## ६ दिइएको तालिका हेरी विपत्का कारण र न्यूनीकरणका उपाय लेख्नुहोस् :

| क्र.सं. | विपत्का नाम | विपत्का कारण | न्यूनीकरणका उपाय |
|---|---|---|---|
| १. | भूकम्प | | |
| २. | बाढी पहिरो | | |
| ३. | आगलागी | | |
| ४. | सडक दुर्घटना | | |

**७** तपाईँ अध्ययनरत वडाका वडा अध्यक्षलाई विद्यालयमा आमन्त्रण गरी स्थानीय सरकारले विपद व्यवस्थापनका लागि गरेका प्रयासहरूका सन्दर्भमा छलफल गरी मुख्य मुख्य कुरा टिपोट गर्नुहोस् :

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

**८** 'विपत् व्यवस्थापनमा ध्यान दिऔँ : मानवीय र आर्थिक क्षति न्यून गराऔँ' भन्ने नारासहित प्लेकार्ड बोकेर प्रभातफेरी कार्यक्रम सञ्चालन गर्नुहोस् ।

पाठ ७

# सुरक्षित विद्यालय

तपाईँ अध्ययन गर्ने विद्यालय कहाँ छ ? विद्यालय सुरक्षित स्थानमा रहनुपर्छ। भिरपाखामा विद्यालय छ भने विद्यालय जान डर लाग्छ । विद्यालयको चउरमा, बिहानी प्रार्थना गर्नुपर्छ । खेलकुद, सांस्कृतिक कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप पनि विद्यालयकै चउरमा सञ्चालन गरिन्छ। विद्यालयको चउर पनि सुरक्षित हुनुपर्छ। विद्यालयको सम्पूर्ण हाता नै पर्खाल लगाइएको हुनुपर्छ। यदि विद्यालयको हाता कम्पाउन्ड गरिएको हुनुपर्छ। यदि विद्यालयको हाता कम्पाउन्ड गरिएको छैन भने कस्ता कस्ता समस्या आउलान् ? अनुमान गर्नुहोस् त । भुस्याहा कुकुरको डर हुन्छ । छाडा जनावरको डर हुन्छ । विद्यालयमा अनावश्यक मानिसको आवतजावत बढ्न सक्छ। अनावश्यक होहल्ला हुन्छ। तपाईँहरूको पढाइलेखाइमा बाधा पुग्छ ।



विद्यालय रहेको स्थान, विद्यालय हाता मात्र होइन विद्यालय भवन पनि सुरक्षित हुनुपर्छ । विद्यालय भवन भूकम्प प्रतिरोधी हुनुपर्छ । बाढी, पहिरो आदिबाट सुरक्षित हुनुपर्छ । आँधीहुरीले छाना उडाउने खालको हुनुहुँदैन । झ्याल, ढोकाको उचित प्रबन्ध हुनुपर्छ । कक्षाकोठा उज्यालो हुनुपर्छ । कक्षाकोठामा विद्यार्थीको उचाइअनुसारको डेक्स, बेन्च जस्ता फर्निचरको व्यवस्था हुनुपर्छ । कक्षाकोठा उज्यालो हुनुपर्छ । कक्षाकोठा सफा सुग्घर हुनुपर्छ । कक्षाकोठामा फोहोर फाल्ने भाँडो र कुचोको प्रबन्ध हुनुपर्छ । कक्षाकोठा इन्टरनेट र विद्युत्को सहज पहुँच हुनुपर्छ । इन्टरनेट र विद्युत् भयो भने सूचना तथा सञ्चारका आधुनिक पद्धतिअनुसार सिकाइ सहजीकरण गर्न मदत पुग्छ ।

विद्यालयमा पाठ्यपुस्तक, सन्दर्भ सामग्री, भाषा साहित्यसँग सम्बन्धित पुस्तक तथा अतिरिक्त पुस्तक पर्याप्त मात्रामा भएको पुस्तकालय पनि हुनुपर्छ । पानीको पर्याप्त व्यवस्था भएको सफा शौचालय हुनुपर्छ । छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय हुनुपर्छ । विद्यालयमा सफा खानेपानीको व्यवस्था हुनुपर्छ ।

सुरक्षित विद्यालयअन्तर्गत विद्यालय रहेको स्थान महत्त्वपूर्ण हुन्छ । खोला, नदी भूकम्प, आँधीहुरी आदिको त्रास हुनुहुँदैन । जनावरहरूको डर हुनुहुँदैन । मानिसहरूको होहल्ला हुनुहुँदैन । विद्यालयको भौतिक संरचना पनि अनुकूल प्रकृतिको हुनुपर्छ । गुणस्तरीय शिक्षा आर्जनका लागि सुरक्षित विद्यालय पहिलो सर्त हो । सुरक्षित विद्यालयका लागि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुनुपर्छ । सुरक्षित विद्यालयका लागि पूर्वाधारको अभाव भएमा व्यवस्थापन समितिले वडा तथा गाउँपालिकामा बजेट माग गर्नुपर्छ ।

सुरक्षित विद्यालयका लागि आवश्यक पूर्वाधार भएर मात्र पुग्दैन । त्यसको सही ढङ्गले प्रयोग हुनुपर्छ । उदाहरणका लागि विद्यालयमा शौचालय छ । पानीको पनि प्रबन्ध छ । यस्तो अवस्थामा शौचालय अव्यवस्थित र फोहोर छ भने त्यहाँनेर प्रयोगकर्तामा समस्या रहेको हुन्छ । अतः हामीले विद्यालयमा रहेका पूर्वाधारलाई सही र हिफाजतपूर्ण तरिकाले

उपयोग गर्नुपर्छ । विद्यालयका कतिपय सामान तथा पूर्वाधारलाई मर्मत सम्भार गरी पुन : प्रयोगमा ल्याउन सकिन्छ ।

सुरक्षित विद्यालयका लागि शिक्षक तथा विद्यार्थीहरू जिम्मेवार हुनुपर्छ । समुदाय जिम्मेवार हुनुपर्छ । विद्यालय व्यवस्थापन समितिलगायत स्थानीय सरकार जिम्मेवार हुनुपर्छ । गुणस्तरीय शिक्षाको आधारशीला सुरक्षित विद्यालयमा मात्र सम्भव हुन्छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) विद्यालय जस्तो स्थानमा पनि सञ्चालन गर्न सकिन्छ । ☐

(ख) विद्यालय बाढी, पहिरो आदिबाट सुरक्षित रहनुपर्छ । ☐

(ग) कक्षाकोठामा इन्टरनेटको पहुँच आवश्यक हुँदैन । ☐

(घ) सुरक्षित विद्यालयको लागि व्यवस्थापन समिति जिम्मेवार हुनुपर्छ । ☐

## २ तपाईँ अध्ययनरत विद्यालयका बारेमा लेख्नुहोस् :

विद्यालयको नाम : ..................................................................

विद्यालयको ठेगाना : ..................................................................

भौगोलिक अवस्था : ..................................................................

पर्खालको अवस्था : ..................................................................

भवनको अवस्था : ..........................................................................

शौचालयको व्यवस्था : ..........................................................................

खानेपानीको व्यवस्था : ..........................................................................

सुरक्षित विद्यालय हो वा होइन : ..............................................................

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) विद्यालय कस्तो स्थानमा हुनुपर्छ ?

(ख) सुरक्षित विद्यालयका लागि के के कुरा आवश्यक हुन्छ ?

(ग) सुरक्षित विद्यालय किन आवश्यक छ ?

(घ) सुरक्षित विद्यालय बनाउने प्रमुख जिम्मेवारी कसको हो ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विद्यालयको चउर किन सुरक्षित हुनुपर्छ ?

(ख) विद्यालयको कक्षाकोठा कस्तो हुनुपर्छ ?

(ग) विद्यालयका पूर्वाधारलाई कसरी उपयोग गर्नुपर्छ ?

(घ) गुणस्तरीय शिक्षाको आधारशीला के हो ?

## ५ चित्र हेरी तुलना गर्नुहोस् :





६ तपाईँको विद्यालयमा रहेको इको क्लबको आयोजनामा विद्यालयमा रहेका सामानको उपयुक्त प्रयोगका सन्दर्भमा छलफल गरी कार्यान्वयनको अभ्यास गर्नुहोस् ।

७ तपाईँ अध्ययनरत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग सुरक्षित विद्यालयका विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।

८ सुरक्षित विद्यालयमा हुनुपर्ने पक्षहरूका विषयमा समूहमा छलफल गरी चार्टपेपरमा टिपोट गर्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**नोट :**

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

................................................................. ।

नोट :

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

............................................................. ।




**मल्लरानी गाउँपालिका**

प्यूठान, लुम्बिनी प्रदेश, नेपाल